पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : १६ | २०७० कात्तिक २९ गते शुक्रबार (Nov. 15, 2013) | मूल्य रू. १०/-

## मधेसी दललाई साख जोगाउन चुनौती

काठमाडौं । गत संविधानसभाको चुनावमा चौथो ठूलो मोर्चाका रूपमा रहन सफल मधेसवादी दलहरू अहिले आफ्नो साख जोगाउन कसरत गरिरहेका छन् । २०६४ को संविधानसभाको चुनावमा मधेशवादी दलहरूले तालमेल गरी प्रत्यक्षमा ५२ र समानुपातिकमा ३० सिट गरी ८२ सिट ल्याएका थिए ।

सरकार निर्माण गर्ने क्रममा उनीहरू विभाजित हुँदै अहिले मधेसवादी दलहरूको संख्या १८ पुगेको र उनीहरूबीच नै एकले अर्कोलाई समाप्त पार्ने एकमात्र उद्देश्यले उनीहरू चुनावमा होमिएका हुनाले यसपटकको चुनावमा मधेसवादी दलहरूलाई साख जोगाउनैका लागि धौ धौ पर्ने प्रायः निश्चित देखिएको छ । मधेसी दलहरू पनि अहिले दुई ध्रुवमा बाँडिएका छन् । मधेसी जनअधिकार फोरम नेपाल एमाओवादीसँग (**बाँकी अन्तिम पेजमा**)

# वैद्य र प्रचण्ड : निर्वाचन कि नरसंहार

काठमाडौँ । मंसिर ४ संघारमा आइपुग्यो । यतिबेला मुलुकभरी निर्वाचनको माहोल, जनतामा मतदानको उल्लासमय वातावरण हुनुपर्ने हो । तर देशव्यापी रूपमा बम आतंक फैलिएको छ । कतै नक्कली र कतै सक्कली बम डि□युजन गर्दैमा सेनालाई भ्याइनभ्याई छ । एकातिर निर्वाचन, अर्कोतिर बम आतंक । सबैभन्दा असुरक्षाको अनुभवको जाँतोमा आम जनता पिसिएका छन् ।

सरकारले उम्मेदवारहरूलाई सुरक्षा दिएको छ । सरकारको सम्पूर्ण ध्यान उम्मेदवारमाथि तलवितल नहोस् भन्नेमा केन्द्रित छ । निर्वाचन आयोग ढुक्कसँग मतदान गर्नुस् भनेर सञ्चारमाध्यममार्फत





निर्वाचनमय वातावरण भएको झ्याली पिटिरहेको छ । उम्मेदवार, पार्टीका कार्यकर्ताको सक्रियता र पार्टीहरूले देखाएको प्रचार रमझम देख्दा लाग्छ- दोस्रो संविधानसभाको निर्वाचनप्रति व्यापक जनचासो छ । तर २५ गतेको ३३ दलको आम हड्ताल र त्यसपछि १० दिने यातायात बन्दले कुनै पनि क्षण अप्रिय बम आतंकले नरसंहार हुन्छ भन्ने त्रासदी देशैभरी फैलिएको छ । ३३ दलले चुनाव विथोल्न गरेको त्रासदीलाई चिर्न र आम जनसमुदायमा विश्वास दिलाएर सुरक्षाप्रति विश्वस्त पार्न खिलराज सरकार असफल भएको छ ।

यथार्थमा मतभेद प्रचण्ड र वैद्यबीच छ । प्रचण्ड वैद्यलाई लतारेर राजनीतिको एक्लो एक्का बाघचाल चाहन्छन् । वैद्य ३३ दलको आवाज नसुन्ने, तिनको अस्तित्व अस्वीकार गर्ने हो भने निर्वाचन विथोलिन्छ, निर्वाचन भए पनि संविधान लेख्न दिइन्न (**बाँकी अन्तिम पेजमा**)

## कांग्रेस, एमाले कहाँ छन् ?

काठमाडौँ । प्रचण्ड र वैद्य कमरेड एउटा निर्वाचन गर्ने र अर्को निर्वाचन विथोल्ने मोर्चा सम्हालिरहेका छन् । यी दुई मोर्चाबीच समाजवादी काँग्रेस र बहुदलीय जनवादी एमाले कुहिराको काग बनिरहेका छन् । देशव्यापी रूपमा प्रचण्ड दुई तिहाई बहुमत ल्याउन निर्वाचन आचारसंहिता तोडेर पैसाको खोलो बगाइरहेका छन् भने वैद्य मानवीयतालाई ढाल बनाएर निर्वाचन विथोल्न लागिपरेका छन् ।

वैद्य र प्रचण्ड एउटै कम्युनिस्ट सिक्काका दुई पाटा बनेर नेपाली राजनीति हाँकिरहेका छन् । एउटा शान्ति र संविधान भन्छ, अर्को आतंक फैलाइरहेको छ । यी दुवैको यो रणनीति चालबाजी होइन भने मंसिर ४ कम्युनिस्ट शासनका उदयको दिन हुनसक्छ । अहिले प्रचण्ड र वैद्यको द्वन्द्वमा (**बाँकी अन्तिम पेजमा**)

## जनतामा मनोवैज्ञानिक त्रास

काठमाडौं । मंसिर ४ गते नजिकिँदै जाँदा मुलुक भरमै अप्रिय घटनाहरू बढ्दै गएका छन् । एकातिर एमाओवादी, नेपाली कांग्रेस र नेकपा एमाले आ-आफ्नो पार्टीले संविधानसभाको चुनावमा बहुमत नल्याए संविधान निर्माण हुन नसक्ने भन्दै जनतालाई एक प्रकारको मनोवैज्ञानिक त्रास देखाइरहेका छन् भने अर्कोतर्फ उनीहरूकै कार्यकर्ताहरू एक अर्काप्रति भीडन्तमा उत्रिएका छन् । हालै ताप्लेजुङको खोकलिङमा भएको ग्रिनेट प्रहार कांग्रेस कार्यकर्ताले गरेको भन्दै नेकपा एमालेले विरोध जनाएको छ भने कांग्रेसले त्यसको प्रतिवाद समेत गरिसकेको छ । चुनावमा गएका दलहरू नै एक अर्काप्रति आरोप प्रत्यारोपमा उत्रिएका हुनाले आउँदो संविधानसभाको चुनाव स्वच्छ, स्वतन्त्र र निष्पक्ष नुहेन प्रायः निश्चित जस्तै दखिएको छ ।

निर्वाचन आयोगले दलहरूकै



(**बाँकी अन्तिम पेजमा**)

## परिचय पत्र लुट्ने एमाओवादी रणनीति

काठमाडौं । नेपालमा रहेका विभिन्न कुट्नीतिक नियोगका अधिकारीहरूले आउँदो संविधानसभाको दोस्रो निर्वाचनमा जसरी भएपनि चुनाव जित्न एमाओवादीले निर्वाचन आयोगबाट वितरण गर्ने मतदाता परिचय पत्र नै आफ्नो कब्जामा लिएर चुनाव जित्ने रणनीति बनाएको आशंका जनाएका छन् । खास गरेर एमाओवादीले चुनाव हार्ने क्षेत्रका मतदाताहरूको परिचय पत्र नै कब्जामा लिन आफ्ना कार्यकर्ताहरूलाई निर्देशन दिएको सूचना आफूहरूले पाएको भन्दै यदि त्यसो भएमा त्यस्ता निर्वाचन क्षेत्रको चुनाव तत्काल रोक्न निर्वाचन आयोगलाई अनुरोध गर्न सक्ने बताएका छन् ।

एमाओवादी बाहेकका अन्य दलहरूले समान्य अवस्था अथवा यस अघिकै जस्तो रणनीति अघि बढाएको पाइएको उद्घोष गर्दै तर एमाओवादीले भने आफ्नो पक्षमा परिणाम निकाल्न सबै उपाय अवलम्बन गर्न आफ्ना कार्यकर्ताहरूलाई (**बाँकी अन्तिम पेजमा**)

## यो षड्यन्त्र पनि हुन सक्छ है !

**शाश्वत शर्मा खतिवडा**

अब चार दिन मात्र बाँकी छ, संविधानसभा - २ को निर्वाचन सम्पन्न हुन । हुन्छ कि हुँदैन भन्ने दोधार र अलमलमा रूमलिँदै आखिर चुनाव हुन्छ भन्ने तिर मुलुक डोरियो- अहिलेसम्मको स्थितिलाई विचार गर्दा । त्यसो त एकथरी यस्ता पनि छन्, जो नेपाल हो, जे पनि हुन सक्छ भनेर चुनाव स्थगित हुने वा भनौं चुनाव हुँदैन भन्नेतिर पनि सांकेतिक रूपमा इशारा गरिरहेका छन् ।



त्यसो त तिनीहरू वैद्य माओवादीका कारणले भन्दा पनि अन्य कारणले मात्र चुनाव स्थगित हुन सक्छ भनेर आफ्नो मत दिँदैछन् । हुन पनि आफ्नो र आफूसँग लागेका ३३ दलको हैसियत र शाख देखाउन र जोगाउन गत कार्तिक २५ गतेदेखि सुरू गरिएको आन्दोलन भनौं वा हड्താललाई आजसम्म अर्थात् यो लेख लेखुन्जेलसम्म हेर्दा त्यो हड्ताल वा आन्दोलन एउटा मजाक झैँ बन्न पुगेको छ । माओवादी नामको जुन डर थियो -जनतामा, त्यसलाई यो आन्दोलनले अझ कम गरिदिएको छ । त्यसो त वैद्यले हड्ताल अझ सशक्त रूपमा बढाउने भनेर बताएका छन् । तर अब न समय बाँकी छ न त वैद्यहरूमा शक्ति नै बाँकी छ । यो हड्तालले गति लिन नसक्नुमा केही विश्लेषकहरू नेकपा-माओवादीका नेताहरूको दोष देखिरहेका छन् । उठाइएका मुद्दाहरू एकदमै जायज र सान्दर्भिक भएता पनि जनतामाझ त्यसलाई सम्झाउन र बुझाउन तिनले सकेनन् । वैद्यहरूले यो संविधानसभा-२ को निर्वाचनको लागि अघि भएका मुलुकभित्रका र मुलुकबाहिरका तयारीहरू र त्यसपछिका घटनाहरूलाई सप्रमाण नेपाली जनतासामु राख्न सकेको भए आजित (**बाँकी अन्तिम पेजमा**)



# यसपटक पनि जनता झुक्किएलान् ?



राजन कार्की

राजन कार्की

भनिन्छ, जनतालाई सधैं झुक्याउन सकिदैन । ०६४ मा झुक्किएका र सात वर्षसम्म ठगिएका जनता मंसिर ४ मा पनि झुक्किएलान् र अर्को कैयौं वर्ष ठगिएलान् र ? प्रजातन्त्रमा जनता अन्तिम निर्णायक हुन्, तिनले आफूलाई ठग्नेलाई दण्ड दिने बेला निर्वाचन नै हो । यो निर्वाचनलाई जनताले अधिकाधिक जनपक्षमा निर्णय दिनुपर्छ । जनादेशको अभ्यास आफैमा प्रजातन्त्रको सुन्दरपक्ष हो । निर्वाचनका माध्यमबाट जनताले व्यक्त गर्ने जनइच्छालाई बोकेर जनप्रतिनिधिहरूले शासन गर्छन्, कानुन निर्माण गर्छन् र मुलुकलाई बिधियुक्त सभ्यसमाजमा ढाल्ने गर्छन् । यति सुन्दरपक्षलाई राजनीतिक नेताहरूले बिगत ७ वर्षदेखि मजाक बनाइरहेका छन् । आफै अन्तरिम संविधानमा लक्ष्मणरेखा कोर्ने र आफै उल्लंघन गर्ने नेताहरूको असभ्य क्रियाकलापले राष्ट्रलाई वर्षातको कृष्णभीरमा लगेर उभ्याइदिएको छ ।

परवर्तनपछि राजतन्त्र र हिन्दूराष्ट्र फालेर शान्ति, संविधान, प्रजातान्त्रिक, समावेशीसहितको नयाँ नेपाल बन्छ भन्ने आश्वासन दिइयो, ती प्रतिवद्धता किन सात वर्षपछि पनि सपनामै सिमित छन् ? हिजो रक्तपातपूर्ण अराजकता थियो, आज पनि अराजकता र भय निरन्तर जारी छन्, यसको जिम्मेवार को ? कुन बर्गका कति नागरिक त्रासदीमुक्त छन्, भन्न सक्छन् नेताहरू ? आफैले लेखेको अन्तरिम संविधानमाथि बलात्कार गरेर राज गर्नेहरू मंसिर ४ को निर्वाचनपछि सबै ठिक हुन्छ, रामराज्य सुरू हुन्छ भन्न हिचकिचाइरहेका छैनन् । यसो भन्ने नैतिकता गुमाइसकेकाहरूलाई नैतिक ताकत तिनलाई कुन जनविश्वासले दियो ? नङ्गा नाचे हजार दाउ भनेको यही हो । भनिन्छ, जनताको स्तर जस्तो छ, तिनले त्यस्तै नेता पाउँछन् । जनता सहनशील भइदिदा, जनताले हस्तक्षेप नगर्दा नेताहरूलाई मनपर्दी गर्न छुट मिलिरहेको छ ।

जनअभिमत बिनाको राज निरङ्कूशराज हुन्छ । ०७ साल अघिको जहाँनिया, ०१७ सालपछिको हैकमी अथवा अहिलेको सिण्डिकेट राजमा अन्तर नै कति छ ? यो अन्तर सधैंका लागि अन्त्य गर्नु थियो र बिधिबाट चल्नु थियो भने कार्तिक १२ गते मोहन बैद्यले बक्तव्य नै प्रकाशित गरेर गरेको गोलमेच सम्मेलन र सम्मेलनबाट निकास निकालौं भन्ने आग्रह किन मान्य भएन ? किन ३३ दललाई निर्वाचन बिथोलन, बहिष्कार गर्न जे गर्न पनि तैयार हुनुपर्ने बाध्यतामा धकेलियो ? सेना परिचालन भएको छ, अन्तर्राष्ट्रिय सहयोग र समर्थन पनि छ, निर्वाचन होला, के त्यो निर्वाचनले बिबादरहित, सर्वमान्य संविधान लेख्न सक्छ ? त्यस्तो प्रत्याभूतियुक्त विश्वास खिलराज सरकार अथवा संयन्त्रले जनतालाई दिलाउन सक्छ ? त्यो हैसियत र ताकत भए किन निर्वाचनमय हुनुको साटो अराजकमय बन्दैछ मुलुक ? यो स्थितिका लागि संयन्त्रको जिम्वाले जिद्दी हठ जिम्मेवार छैन ?

यहाँनेर यतिमात्र स्मरण गरौं, बिगत संविधानसभामा एकलजातीय संघीयता, संख्या, प्रणालीमा किन असहमति जनाइयो भने एमाओवादीका अध्यक्ष प्रचण्डलाई कार्यकारी राष्ट्रपतिका माध्यमबाट जनवादमा जान सकिने वातावरण भएन । मधेसी दलहरूको त सपना नै मुख्यमन्त्री बन्ने हो, उनीहरूको राजनीति नै सत्तास्वार्थ हो । कांग्रेस र एमाले त ०६४ सालको संविधानसभाको निर्वाचनबाट गएको सातो फर्काएर सम्हालिन सकेकै थिएनन्, उनीहरू हीनभावबाट गुज्रिरहेका थिए । बल्ल मंसिर ४ को संविधानसभाको दोस्रो निर्वाचनमा हौसला बुलन्द लिएर कांग्रेस र एमाले निर्वाचनमा होमिएका छन् तर तिनले पनि बैद्यसहितको ३३ दललाई सहभागी नगराई गरेको निर्वाचनबाट ग्रहण लागेको नतिजा आउँछ र संवैधानिक रूपमा प्रजातन्त्रको जग दह्रो पार्न सकिन्न भन्ने निष्कर्षमा त पुगे तर असन्तुष्टहरूलाई निर्वाचनमा सहभागी गराउने वातावरण निर्माण गर्ने अडानमा कायम रहन सकेनन् । अझ कांग्रेसले ७ अथवा एमाओवादीले भनेजस्तो ११ प्रदेशमा पनि जान सकिने दोधारे नीति पास गरेर कांग्रेसको फितलोपन नै देखाइदियो । बरू एमालेले ७ प्रदेश भन्दै कुनै विषयमा बिबाद भए जनमतमा जाने नीति लिएको छ ।

**लोकतन्त्र मान्दिन भन्ने कुनै दल छैन । नेकपा-माओवादी र उसँग असन्तुष्ट भएर निर्वाचन बिथोलन हिडेका ३३ दलसमेत लोकतन्त्रका बिरोधी होइनन् । जब नेपालको राजनीतिमा कुनै दल पनि लोकतन्त्र बिरोधी छैनन्, आतंक अथवा युद्ध कुनै दलको नीति रहेन भने लो्कमतको आधार लिने जस्तो महायज्ञ- चुनावका लागि किन सर्वसम्मति कायम हुनसकेन ? यो प्रश्नको संविधान संशोधन गर्न आदेश दिनसक्ने, सरकारभन्दा माथि रहेका संयन्त्र नामधारी पार्टीनेताहरूले विश्लेषण गर्नुपर्ने हो । जिम्मेवारी पनि तिनमै बढी निर्भर छ ।**

लोकतन्त्र मान्दिन भन्ने कुनै दल छैन । नेकपा-माओवादी र उसँग असन्तुष्ट भएर निर्वाचन बिथोलन हिडेका ३३ दलसमेत लोकतन्त्रका बिरोधी होइनन् । जब नेपालको राजनीतिमा कुनै दल पनि लोकतन्त्र बिरोधी छैनन्, आतंक अथवा युद्ध कुनै दलको नीति रहेन भने लो्कमतको आधार लिने जस्तो महायज्ञ- चुनावका लागि किन सर्वसम्मति कायम हुनसकेन ? यो प्रश्नको संविधान संशोधन गर्न आदेश दिनसक्ने, सरकारभन्दा माथि रहेका संयन्त्र नामधारी पार्टीनेताहरूले विश्लेषण गर्नुपर्ने हो । जिम्मेवारी पनि तिनमै बढी निर्भर छ । तिनले असन्तुष्टलाई बीचबाटोमै छाडेर चुनावमा जाने जाने निर्णय गर्नपुगे । यस्तो निर्वाचनबाट सत्ता मिल्नसक्छ, संविधान दिन सकिन्न भन्ने यथार्थ भुलेर संयन्त्रमा रहेकाहरूमा अहं र अहंकारमात्र देखिनु देशका लागि घातक साबित हुनसक्छ, शौभाग्य हुन सक्दैन । संयन्त्रमा बस्ने नेताहरूलाई थाहा होला, सद्दाम हुसेन अमेरिकी हठमा मारिएपछि संविधान दिइयो तर त्यो संविधानले इराकलाई आतंकमुक्त पार्न सकेन । गणतन्त्र नेपालमा पनि त्यस्तै वातावरण घनिभूत भइरहेको छ । अहिले एमाओवादी, कांग्रेस, एमाले भन्दैछन्- हामीले जिते संविधान बन्छ, नत्र कुनै हालतमा बन्दै बन्दैन । के यही हो, जनतासँग जनादेश माँग्ने तरिका ? सबैलाई थाहा छ, राजनीतिक दलहरू मिलेर जानुपर्छ भन्ने जनादेश जनताले हिजो दिएका थिए, मंसिर ४ गतेको निर्वाचनमा पनि त्यस्तै जनादेश दिनेछन् । त्यो अवस्थामा राजनीतिक सहमति बनेन भने संविधान लेखिन्न, कुनै हालतमा लेखिन्न । फेरि ठूलो जनमत बाहिर राखेर संयन्त्रले गर्न खोजेको के हो ? के निर्वाचन र निर्वाचनपछि असन्तुष्टहरूलाई आतंककारी भनेर डाम्ने र कारवाही गर्ने धरातल निर्माण त भइरहेको छैन ?

सन १७८९-१७९९ सम्म फ्रान्समा जनक्रान्ति भयो । अराजकतावादी ज्याकोवियन्स समूहले जनहत्या र रक्तपात मच्चायो । संचेतन बर्गले गुहार लगाए- हे स्वतन्त्रता, तिम्रो नाममा यो कस्तो अपराध भइरहेको छ ? (ूइज ीष्द( भचतथ, ध्जबत अचष्भक बचभ अयकष्त( तभम ष्ल तजथ लकभू) शक्तिशालीहरूमा विवेक, दया, माया केही देखिएन । त्यो कालखण्ड इतिहासमा अराजकताको राज ९च्भष्नल या तभचचयच० नामले बदनाम छ । पछि त्यो अराजकतालाई सबै मिलेर अन्त्य गरे । नेपाल त्यस्तो स्थितिमा छैन, नेपाल बहुजातीय (१२६ जातजाति) मुलुक हो । बढ्दो अराजकतालाई अन्तर्राष्ट्रिय अभिष्टवालाहरूले साँध लगाउँदै र उक्साउँदैछन्, अराजकता शान्त पार्ने आँट र अक्किल महत्वाकांक्षी नेताहरूमा पटक्कै देखिदैन । नेपालका नेताहरू अझै व्यक्ति, पार्टीका निहित स्वार्थमा लटपटिएका छन्, राष्ट्रिय स्वार्थबाट प्रेरित छैनन् त्यसैले हामीसँग राजनेता छैनन् । राजनेता भएको भए उसले सम्हाल्ने थियो । एमाओवादीले यसपटक प्रचण्डलँई राष्ट्रनेताका रूपमा उभ्याएको छ । जो एक बर्ग अथवा समूहको नेता बनिरहेको छ, जो राष्ट्रिय पहिचान बनाउन असमर्थ छ, जो जननेता बन्न सकेन, ऊ कसरी राष्ट्रनेता ? यसको व्याख्या एमाओवादी घोषणापत्र लेख्ने डा.बाबुरामलाई मात्र थाहा होला ? कतै निर्वाचन अराजकमय भयो भने १७८० को दशकमा फ्रान्समा गुहार लगाएझैं नेपालमा पनि हे लोकतन्त्र, तिम्रो नाममा यो के भइरहेको छ ? भन्ने दिन आउनसक्छ ।

४ वर्षे संविधानसभाको कार्यकाललाई भ्रष्टाचारमय बनाउनेहरूले अन्ततोगत्वा संविधानसभाको हत्या गरे अनि संसारमा बिरलै हुने संविधानसभाको दोस्रो निर्वाचनका लागि तैयारीमा जुटेका छन् । निर्वाचन अघि सम्पन्न गर्नुपर्ने शासकीय स्वरूप, संघीयता, मौलिक हक, चुनाव प्रणालीलगायतका विषयमा बिमति विद्यमान छन् । झट्ट हेर्दा राजनीतिक दलहरू जातिवादी, स्वजाति फुटाउ र राजगर नीतिमा विदेशी सहयोगको पोखरीमा पौडिखेल्न रूचाइरहेको अनुभव गर्न सकिन्छ । विदेशी भड्काउ नीतिको सीमाबाट उम्किएर स्वदेशको शान्ति र स्वतन्त्रता तिनको एजेण्डा होइन भन्न सकिने धेरै प्रष्ट आधारहरू छन् । तथापि देश निर्वाचनको स्थितिसम्म आयो, यो निर्वाचन जनप्रियताको आधारमा स्वच्छ, स्वतन्त्र, धाँधलीरहित र सुरक्षित वातावरणमा सम्पन्न भए देशले काँचुली फेर्न सक्छ । असन्तुष्टहरू जे गर्न पनि तैयार हुनु पहिलो असुरक्षा र अराजकता दोस्रो समस्या सिर्जना भएको छ । चुनाव हुनुपर्ने र चुनाव बिथोल्ने दुई कित्तामा जनमत बिभक्त भएका छन् र भिडन्तितिर उन्मुख भइसके । संविधान राजनीतिक दलहरू सहभागी भएर निर्भयताका साथ सम्पन्न सुकर्म अर्थात निर्वाचनको संविधानरूपी मीठो फल खान पाउनु पर्नेमा त्यही जनअपेक्षामा राजनीतिक दलहरू समर्पित हुनुपर्ने हो । हिजो धतुरो रोपियो, धतुरै फल्यो । मंसिर ४ को धान काट्ने मौसममा सहमति रोप्न सके संविधान फल्ने थियो, बन्ने थियो । प्रजातन्त्रको आवरणभित्र अधिनायकवादी बनेर कहिलेसम्म स्वदेशलाई विदेशी टाट्नो बनाइरहने ?

जनयुद्ध गर्ने समूल शक्ति जनआन्दोलनमार्फत जनादेशमा चल्छु भनेर लोकतन्त्रमा प्रवेश गरेको हो । यसका लागि राजतन्त्र, सीमा, नदी, सुरक्षा धेरै कुरा कुर्वानी गरिसकियो । कुर्वानीबाट पनि जनताले शान्ति र संविधानको बरदान पाउन सकेनन् । सात वर्षमा जे देखियो, जे भोगियो, घण्टाघरले घण्टा घण्टामा घण्टी बजाएर सन्देश दिइरहेको छ : समस्या राजनीतिक परिवर्तनमा होइन, नेताहरू बेइमानी र नैतिकहीनतामा छ । अव पनि नेताहरूले राजनीतिक इमान्दारिता र नैतिकतामा देखिएको कमजोरी नसच्याउने ? सपथ खाने, सपथ पूरा नगर्नेहरूले जनतालाई एक दुई चोटी झुक्याउन सक्छन्, सधैं झुक्याउन सक्दैनन् ।

# मंसिर ४ को चुनावले संविधान लेखिएला ?

डा. विनिता

मेची महाकाली जागरण अभियानमा झापाबाट पश्चिम लागेको दोस्रो दिन कुन्सान काका उर्फ खगेन्द्र संग्रौलाले आश्चर्य प्रकट गर्दै भाषण गरिदिए- नेपालमा कतिओटा प्रचण्ड छन् । हिमालमा हेरे प्रचण्ड देखिन्छ, पहाडमा हेरे प्रचण्ड देखिन्छ । सहरमा हेरे प्रचण्ड देखिन्छ, तराईमा हेरे प्रचण्ड देखिन्छ । नेपाल प्रचण्डमय बनेको दृश्यले खगेन्द्रबाजे दङ्गदास परेको देख्दा म आश्चर्यचकित परेको छु ।

खगेन्द्रजी नामुद लेखक हुन् । उनका लेखहरू निकै आलोचनात्मक मानिन्छन् । उनी जनआन्दोलन र पछि अधिकारकर्मीका साथ नागरिक समाजको समूहमा देखिन्थे । संविधान बन्नुपर्छ भन्ने काँटी र कोटीका खगेन्द्रजी संविधानसभाको दोस्रो निर्वाचनमा डा.बाबुरामको चुनाव प्रचारमा राजधानीबाट मधेस झरे, प्रचण्डका साथ लागेर मेची महाकालीको यात्रामा प्रचण्डको भजन गाउँदै हिडेका छन् । एउटा होनहार बुद्धिजीवी, नागरिक समाजको अगुवाले एउटा नेता, एउटा पार्टीको झोले भएर हिड्नु सुहाउने कुरा हो कि होइन, त्यसको आत्मसमीक्षा खगेन्द्रजीले गर्नुहोला ।

प्रचण्ड पनि के कम्ति । उनले राजधानीमा उपाध्यक्ष डा.बाबुराम भट्टराईले लेखिदिएको पार्टीको घोषणापत्र जारी गर्दै आफूले आफैलाई राष्ट्रनेताको पगरी गुथाईदिए । अव देशव्यापी प्रचारमा हिड्दै प्रत्येक मुकाममा भन्ने गरेका छन्- एमाओवादीलाई दुई तिहाई मत दिएर नजिताए संविधान लेखिदैन । संविधानसभामा एमाओवादीले २ सय ३७ सिट कब्जा गर्दा र ६२ प्रतिशत कम्युनिष्टको सहभागिता हुँदा किन संविधान लेखिएन ? कसको कारणले लेखिएन ? भन्न सकेन । अहिले फेरि उसले दुई तिहाई मत माग्दै जागरण अभियान थालेको छ र त्यसमा नामुद लेखक, बुद्धिजिवी खगेन्द्रजीले चारैतिर प्रचण्डै प्रचण्ड देखियो भनेर चार चाँद लगाइदिएका छन् । प्रचण्डजी खुश भए होलान्, चुनाव जितेपछि खगेन्द्रजीलाई ठूलै पदको बक्सिस दिनेछन् भन्ने विश्वास गर्न सकिन्छ ।

उखान छः अकवरी सुनलाई कसी लगाउनु पर्दैन । प्रचण्ड अकवरी सुन थिए भने उनले चारवर्ष अघि नै संविधान लेखनलाई टुंगोमा पुर्‍याइसक्थे । जनता सहमति र शान्ति खोजिरहेका छन्, प्रचण्डले यी दुबै जनअपेक्षा पूरा गरिसक्थे । सहमतिका बाधक कोही छन् भने प्रचण्ड हुन् । एकल जातीय पहिचानको झगडा उठाएर झण्डै राष्ट्रलाई विनासकारी महाभारत युद्धको मैदान बनाउने प्रचण्ड कसरी राष्ट्रनेता । राष्ट्रनेताले राष्ट्रिय प्रतिनिधिपात्र बन्ने योग्यता देखाउनु पर्छ । यतिखेर प्रचण्ड एमाओवादी झुण्डका नेताका रूपमा आफूलाई खरै रूपमा उतारिरहेका छन् । राष्ट्रनेता पहिले राजनेता बन्न सक्नुपर्छ । प्रचण्ड एमाओवादी नेताको सिमित घेराभित्रमात्र छन् । प्रचण्डको आह्वानले एमाओवादीलाई मात्र छोएको छ, राष्ट्र प्रभावित हुने स्थिति छैन । यसकारण खगेन्द्र संग्रौलाले जब एमाओवादी चस्मा लगाए, उनले हिमाल, पहाड, तराई जताततै प्रचण्ड प्रचण्ड देख्न स्वभाविक हो । जो जसलाई अन्धप्रेम गर्छ, उसले मनपसन्द व्यक्तिलाई जताततै देख्छ । खगेन्द्रजी त्यस्तै प्रचण्डप्रेमी बनेका हुन् ।

यो निर्वाचन संविधान लेख्ने जनप्रतिनिधि चुन्ने निर्वाचन हो । यो निर्वाचनमा दुई तिहाई किन चाहियो ? दुई तिहाई नदिए संविधान लेखिन्न भनेर जनतालाई भययुक्त किन बनाइरहनु पर्‍यो । हामी यस्तो संविधान लेख्छौं भन्ने भावी संविधानको खाका पेश गरेर आफ्नो अवधारणामा जनताको आकर्षण आर्जन गर्न नसक्ने राजनीतिक दलहरू जनतालाई बाध्यकारी भाषण पिलाइरहेका छन् । यस्ता नक्कली मयुरका भाषणले जनतामा के कसरी प्रभाव पार्ला, त्यो आफ्नो ठाउँमा प्रश्नचिन्ह हो । यही प्रश्नचिन्हले चुनावपछिका दिनमा पनि सर्वसम्मत, सर्वस्वीकार्य, पवित्र राष्ट्रिय दस्तावेजका रूपको संविधान आउने छैन भन्ने आशंका मजबुत पारिदिएको छ । खगेन्द्रजीजस्ता बुद्धिजीवीहरूसमेत एमाओवादी झोला भिरेर अग्रगमनको अगुवा, भावी नेपालका भाग्यबिधाता प्रचण्ड नै हुन् भनेर जुन भ्रम छर्दै हिडेका छन्, संविधानसभाको निर्वाचनबाट संविधान होइन, नयाँ महाराजको उदय हुने खतराको आहट सुन्न सकिन्छ । यो निर्वाचन आधुनिक कोतपर्व हुन लागेको हो त ?

# BJP's last ditch maneuvers-Terrorist Attacks in IOK

● S M Hali

BJP is desperate to woo Hindu voters to its cause of attaining victory in the forthcoming Indian elections. Since it has little to show in the realm of development during its last tenure of government (1998-2004) and was rejected by the voters, this time around, it is appealing to the Hindu voters' sense of patriotism by whipping up anti-Pakistan and anti-Muslim sentiments through false flag operations.

Extremist Hindus have even recruited fanatics in the Indian military to support their anti-Pakistan/anti-Muslim machinations.Desperate attempts were made to bring international censure on Pakistan at the 68th session of United Nations General Assembly (UNGA). A series of well planned and odiously orchestrated assaults were launched to create the desired effects. Twin terrorist attacks in Indian Occupied Kashmir (IOK) targeting a Police Station and a Military Camp, killing a Lieutenant Colonel and fourteen others including Police and Army officers was achieved by the perpetrators of the atrocious act by disguising themselves as Indian Army officials to gain entry into Heera Nagar Police Station in Samba and later hijacking a truck to attack the Base Camp of a Cavalry Regiment. To pinpoint the blame on Pakistan, the so called Shuhada (Martyrs') Brigade was made to claim responsibility for the attacks in a phone call to a local English Daily, The Kashmir Monitor. On cue, Indian media burst into the oft repeated slogans of Pakistan bashing. The assailants had learnt their lessons well. In a previous attack on August 5, 2013 they had disguised themselves in Pakistan Army uniforms; to which International analysts had opined that if Pakistan Army was responsible, it would have dressed up in Indian Army unif "orms to hide its identity.

Pakistan condemned the terrorist attacks but vehemently refuted the allegation of having sponsored the assault. On the other hand, Indian Prime Minister Dr. Manmohan Singh issued a mature and prudent statement that such attacks would not deter India from pursuing peace through dialogue and the assaults will not be allowed to derail efforts to find solutions of all problems through peaceful talks. He also upheld his commitment of holding talks with his Pakistani counterpart on the sidelines of UNGA in New York. Unfortunately BJP and extremist elements of Indian media continued to blatantly blame Pakistan for the attacks and harp on their incessant demand of Manmohan Singh to call off talks with Mian Nawaz Sharif.

Despite the BJP's last ditch maneuver to convince PM Manmohan Singh to refrain from holding talks with his counterpart, Manmohan Singh, who had received the news of the brazen attacks in Frankfurt, enroute to UNGA and having an inkling of the identity of the real perpetrators of the crime, condemned the attack but refused to name Pakistan being responsible for them.

Earlier, the BJP had used its other Hindutva counterparts of the Sangh Parivar like RSS, Shiv Sena, Bajrang Dal, Vishwa Hindu Parishad and like minded cliques of Indian Armed Forces to escalate border tension along LoC in IOK, in an attempt to sabotage the prospects of a meeting between the two Prime Ministers.

Due to the pressure exerted by BJP and its co-conspirators, Manmohan Singh initially delayed his commitment of meeting with Nawaz Sharif on the side lines of UNGA and BJP was hopeful that the Indian Premier will succumb to its demands, but he ultimately preferred to follow the righteous path and met his Pakistani counterpart in a meaningful dialogue. This forced the hand of BJP. In its frustration, it orchestrated terrorist attacks against Indian troops again, pinning the blame for the attacks on Pakistan. Meanwhile it portrayed Dr. Manmohan Singh as weak, presenting Narendra Singh Modi, BJP's hardliner candidate for the Prime Minister's slot as one who would "sort out Pakistan and Muslims", if elected to power.

Pakistan's High Commission in India gave timely rebuttal to Indian media and BJP's allegations stating that Pakistan was not involved in these attacks and that it was itself the victim of terrorism. The recent attack in Swat, claiming the lives of senior Army Officers and the heinous assault on Peshawar Church is ample evidence of it.

Claiming responsibility by Shuhada Brigade of India reveals that the attacks were foisted inside India and that Indian internal factor is responsible for such mayhem. Shifting blame on Pakistan in BJP style is nothing but reflection of Hindu mindset driven by hate emotions but speaks volumes for its desperation to come to power by any means.

# आसामबाट सिकनुपर्ने पाठ

*गौरा प्रसाईं*

आसामको १४ दिनको बसाइमा चिया बगान, चिया फ्याक्ट्री, तेल कम्पनी, कोइलाखानी, काठ उद्योगलगायत थुप्रै ठाउँ हेर्ने अवसर जुऱ्यो । आसाम भारतभित्रको संघीय राज्य हो । यहाँको जनसंख्या तीन करोड नाघेको छ । आसाम चारैतिर हरियाली वातावरण, सुन्दर, शुद्ध र शान्त छ । छिनछिनमा पानी परिरहने आसाम दोस्रो चेरापुन्जी नै रहेछ । हिजो काँचो सुपारीले चिनिएको आसामले आज आफ्नै जनतालाई सुखी र समृद्ध बनाउने उद्देश्यले थुप्रै विकास निर्माणका योजना कार्यान्वयन गरी छुट्टै पहिचान बनाएको छ । चिया, तेल, कोइला, काठ (प्लाइउड) लगायत कलकारखाना उद्योगधन्दा नै आसाम राज्यको आर्थिक स्रोत बनेको छ ।

असाममा चिया खेती राम्रो छ । यसमा रोजगारी प्रशस्त छ । चिया वा अरु कुनै पनि खेतीका लागि कृषकलाई मल, बिउ, औषधि, कृषि औजार सबै राज्यले निःशुल्क उपलब्ध गराएको छ । बीचमा समस्या परे डिस्ट्रिक रूरल डेब्लप्मेन्ट अथोरिटीले सहयोग पुऱ्याउँछ । यसकारण पनि आसामका जनता अत्यन्त खुसी र सुखी छन् । यहाँ चिया कारखाना प्रशस्त छन् । कारखानामा पनि रोजगारी पर्याप्त छ । चियाले आफ्नो राज्यमा मात्र नभई विदेशमा पनि राम्रो बजार लिएको छ । यो आसाम राज्यको पहिलो आर्थिक स्रोत हो ।

आसाममा तेल अत्यधिक उत्पादन हुन्छ । ठाउँठाउँमा तेलको खाद बनाएको छ । प्रत्येक खादबाट मूल ठाउँमा ठुल्ठूला पाइपबाट तेल जम्मा हुन्छ । पेट्रोल, डिजेल, ग्यासको कुनै कमी छैन । यो आसामको दोस्रो आर्थिक स्रोत हो ।

आसाममा प्रशस्त मात्रामा कोइला खानी सञ्चालित छन् । प्रशस्त कोइला उत्पादन हुन्छ । राज्यमा सबै खपत हुन्छ । यसमा पनि रोजगारी प्रशस्तै छ । यसले राज्यलाई आर्थिक रूपमा ठूलो टेवा पुगेको छ । कोइला राज्यको तेस्रो आर्थिक स्रोत हो ।

प्लाइउडको विशाल कारखाना सञ्चालनमा छन् । काठबासबाट विभिन्न प्रकारका सामान उत्पादन हुन्छन् । काठ बास अत्याधिक मात्रामा प्रयोगमा ल्याइन्छ । यसबाट जति पनि सामान उत्पादन हुन्छन्, सबै राज्यमै खपत हुन्छ । यसको बजार व्यवस्था पनि अत्यन्तै राम्रो छ । यो आसाम राज्यको चौथो आर्थिक स्रोत हो । याहाँ यति मात्र नभएर विभिन्न ठाउँमा धेरै किसिमका घरेलु उद्योग पनि सञ्चालित छन् । कपडा उद्योग सञ्चालनमा छन् । कासका भाँडा बनाउने उद्योग पनि छन् । यी उद्योग आसामका नमुना बनेका छन् । आसाममा उद्योगधन्दा फस्टाएका छन् । त्यसकारण आसामका जनता रोजगारीबाट विमुख छैनन् । त्यति मात्र होइन, गाई पालन, कुखुरा पालन, माछा पालन पनि त्यत्तिकै व्यवस्थित छ । एउटा परिवारले ५० देखि सय लिटरसम्म दूध बेच्ने गर्छन् ।

आसाममा जातपात र छुवाछुत समस्या छैन । छुवाछुतका नाममा कसैले अत्याचार, अपमान, विभेद सहनुपर्दैन र ज्यान गुमाउनु पनि पर्दैन । शिक्षा असाध्यै सस्तो, सुलभ छ । छोरीहरूलाई दश कक्षासम्म र छोरालाई ७ कक्षासम्म निःशुल्क किताब, कापी, कलम, झोला, पोसाक सबै उपलब्ध गराइन्छ ।

गरिब, असहाय, अशक्त बालबालिका, वृद्धवृद्धाका लागि स्वास्थ्य सेवा निःशुल्क छ । अरूलाई पनि सुलभ र सस्तो उपचार व्यवस्था छ । औषधोपचार नपाएर आसामी जनता मर्नुपर्दैन । राज्यले जनताको स्वास्थ्यका लागि अत्यन्त राम्रो व्यवस्था गरेको छ । आसामको हर क्षेत्रमा रोजगारी ग्यारेन्टी छ । रोजगारी नपाएर युवाहरु भौँतारिएको अवस्था छैन । प्रत्येकलाई रोजगारीको व्यवस्था छ । आसाम राज्यबाट रोजगारीका लागि कोही पनि विदेश गएको तथ्यांक छैन ।

यात्रामा छेडखानी अपमान सहनु पर्दैन । असुविधा भोग्नुपर्दैन । वृद्धवृद्धालाई यातायात भाडामा ५० प्रतिशत र विद्यार्थीलाई पूरै भाडा छुट राज्यले नै गराएको छ । आसाममा महिलालाई सम्मान छ । १० कक्षासम्म छोरीहरूलाई निःशुल्क पढाइन्छ । छोरी जन्मिनेबित्तिकै राज्यले ५ हजारको खाता खोलिदिन्छ । ऊ १८ वर्ष पुग्दा राज्यले ८० हजार पुऱ्याइदिन्छ । उसको आवश्यकता, चाहनाअनुरूप उसैलाई दिने व्यवस्था राज्यले गरेको छ । गर्भवतीलाई सुरूमै १४ सय दिने व्यवस्था छ । महिलामाथि हिंसा र विभेद छैन ।

भूमिहीन गरिबलाई एउटा घर र शौचालयको व्यवस्था राज्यले नै गरेको छ । त्यो परिवारले पाउनुपर्ने सुविधा पानी, बत्ती, ग्यास, औषधोपचार र रोजगारी राज्यले नै उपलब्ध गराएको छ । गरिब जनतालाई राज्यले रासन कार्डको व्यवस्था गरेको छ । रासन कार्डबाट पाएको सुविधामा जनताले तीन रूपैयाँ किलो चामल, तेल, चिनी, प्राप्त गरेका छन् ।

अपाङ्गलाई राज्यले अरु जनतासरह नै सुविधा र सम्मान दिएको छ । उनीहरूको क्षमताअनुसारको रोजगारी राज्यले दिएको छ ।

यहाँ राज्यले दिने सुविधामा कुनै विभेद छैन, प्रतिस्पर्धामा जान पाउने अवसरबाट कोही वञ्चित छैन । के हाम्रो देश आसामजस्तो सुखी बनाउन सकिँदैन ? नेपाली जनताको भाग्य र उज्ज्वल भविष्यमा डढेलो लागेकै हो त ? हाम्रो देशमा के छैन ? जल, जमिन, जंगल जडीबुटी सबै छ । प्राकृतिक सम्पदाको धनी देश नेपालमा यहाँका प्राकृतिक सम्पदालाई प्रयोग र प्रयोजनमा ल्याइएको छैन । विडम्बना यो छ कि, प्रत्येक दलका नेता अनेकौंपटक विदेश जान्छन्, विदेशबाट सिकेर नयाँ सोच नयाँ विचार केही आउने गरेको छैन । जनतालाई सुखी र समृद्ध कसरी बनाउने भन्ने नयाँ सोचको खोजी हुँदैन । बरू आफ्नै स्वार्थका लागि ब्रिफकेस भरेर आउँछन्, नेपाली जनतालाई ऋणको भारी थपेर आउँछन् । जनता र राष्ट्रको अहितमा ठूलाठूला सम्झौता गरेर आउँछन् । भ्रष्टाचारको व्यापक बाटो खोलेर आउँछन् । तस्कर र अपराधीसँग साँठगाँठ हुन्छ । कसरी सत्तामा पुग्ने र कुर्सी जोगाउने, कसरी पैसा कमाउने भन्ने सोच मात्र बोकेर आउँछन् । त्यसैले आज देश गरिबीको पोखरीमा चुर्लुम्म डुबेको छ । भ्रष्टाचारले खोक्रो भएको छ । देशलाई भ्रष्टाचाररूपी क्यान्सर लागेको छ । देशमा शान्तिसुरक्षा छैन, गरिब भूमिहीन किसानका समस्या ज्युँकात्युँ छन् । महिलामाथिको विभेद र अत्याचार चुलिएको छ । शिक्षा अस्तव्यस्त र महँगो छ । स्वास्थमा त्यस्तै लापरबाही छ । एक चक्की औषधी र जीवन जल किन्न नसकेर मान्छे मरिरहेका छन् ।


## व्यवसायिक कृषि तथा व्यापार आयोजना

**व्यवसायिक कृषि तथा व्यापार आयोजना विश्व वैंकको आर्थिक सहायतामा २०६६ कार्तिक २७ गतेदेखि कार्यान्वयनमा रहेको छ र यस चरणको समाप्ती २०७२ आषाढ मसान्तमा हुनेछ र दोश्रो** Additional Financing **अनुसार** June 2018 **सम्मको समय रहनेछ । यो आयोजनाको मुख्य उद्देश्य आयोजना लागु भएका जिल्लाका निर्दिष्ट कृषि उपजहरुको मूल्य श्रृङ्खलामा आवद्ध साना कृषक र कृषि उद्यमी एवं कृषि व्यवसायीहरुको प्रतिस्पर्धात्मक क्षमतामा सुधार गर्नु रहेको छ । यो आयोजना पहिलो चरण अर्न्तगत धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, धादिङ्ग, काठमाडौं, ललितपुर, काभ्रेपलाञ्चोक, नवलपरासी, तनहुँ, लमजुङ्ग, कास्की, स्याङ्गजा, पाल्पा, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुर गरी जम्मा २५ वटा जिल्लाहरुमा सञ्चालित छ र दोश्रो चरण अर्न्तगत यसै आ.व. २०७०।०७१ बाट नेपाल भर संचालन हुँदैछ ।**

**तोकिएको उद्देश्य हासिल गर्न आयोजनाले कृषि उत्पादनलाई आवश्यक पर्ने उन्नत तथा गुणस्तरीय बीउको सुनिश्चितता एवं उन्नत नश्लका पशुपंक्षीहरुको उपलब्धता सरल र सुलभ तुल्याउनुका साथै कृत्रिम गर्भाधान सेवालाई विस्तार गर्ने, कृषकको बजारीकरण क्षमता अभिबृद्धि गर्ने, विशेषताको आधारमा तुलनात्मक लाभ भएका कृषि तथा पशुजन्य उत्पादन र वस्तुहरुको विशिष्टताबाट लाभ लिन प्रतिस्पर्धी कृषि मूल्य अभिबृद्धि श्रृखलाको स्थापना तथा सुदृढीकरण गर्ने जस्ता रणनीति अवलम्वन गरेको छ ।**

# मक्का, भेटिकन र नेपाल

डा. शास्त्रदत्त पन्त

मुसलमानको पवित्र भूमि मक्का, इशाइको पवित्र भूमि भेटिकन सिटी भए भैं विश्वभरिका हिन्दुको पवित्र स्थान नेपाल हो, पाशुपत क्षेत्र हो । विश्वभरका हिन्दुहरूका एक मात्र राजा नेपालका राजा हुन् । नेपाल विश्वभरका अरबौ हिन्दुहरूको पवित्र भूमि हो । जीवनमा एक पटक आएर दर्शन पूजाआजा गर्ने भूमि नेपाल हो । हिन्दुधर्मले अरू बिभिन्न मतका र भिन्न मतका सम्प्रदायलाई पनि सम्मान गर्दछ । हिन्दु भनेको कसैप्रति हिनभाव नराख्ने दर्शन हो । सर्बे भवन्तु सुखिन यस धर्मको मर्म हो । शालीनता, शिष्टता, सहनशीलता, मर्यादितता, प्रेम, सद्भाव र मिलेर बस्ने कुरा, बाँडिचुडी खानेकुरा हिन्दुका बैशिष्ठयता हुन् । वैदिक साम्यबादका सूत्र हुन् । हिन्दुले अरू कुनै धर्म सम्प्रदायलाई, उनीहरूको आस्था र बिश्वासलाई कुनै किसिमको दुराग्रह राख्दैन । तर ईशाईले नेपालमा आएर हिन्दुलाई असम्मान  र निन्दा गर्दछ । त्यही नगर्ने भएको भए इशाई प्रति पनि नेपालीको कुनै गुनासो रहने थिएन ।

**बेदको निर्माण**

वेद मानवजातिको सृष्टिसंगै परमात्मा परमेश्वरले सूत्रवत रूपमा निर्माण गरेर महान अन्तरिक्षमा भण्डारण गरिएको थियो । परमात्माले स्फोट पद्धतिज्ञद्बबाट यसलाई अबतरित गरेका हुन् । यो एक मात्र पूर्ण चेतन प्राणी मानवजातीले विश्वका सबै प्राणीको व्यवस्था गर्न बनाइएको मानिन्छ । त्यसैले यसलाई अपौरूषीय भनिएको हो । यसको लिपीलाई पनि देव नागरी भनिएको हो । संस्कृतलाई देव भाषा भनिएको हो । किनकी यी सबै वेदका सूत्र संस्कृत भाषामा नै थिए । ब्रह्मज्ञाता ऋषि महर्षिहरूले ती सूत्रलाई तपोज्ञानबलबाट ग्रहण गरेका थिए । त्यसलाई धारण गरेका थिए । आफुले धारित त्यस ज्ञानलाई आफ्ना शिष्यलाई धारण गराउँदथे । त्यसलाई कहीं कतै फरक नपर्ने गरी कण्ठाग्र गराउँदथै । त्यो नबिर्सियोस भनेर दिनहुँ पाठ गर्न लगाउँदथे । अशुद्ध हुनबाट रोक्दथे । यसलाई स्वाध्याय भनिन्छ । यसरी यो युगौंयुगसम्म गुरूचेला परंपरामा चल्दै आएको हो । त्यसैले वेदलाई श्रुती स्मृति पनि भनिन्छ । वेदका यस्ता सूत्र १ लाखजति भएका कुरा तपोवल भएका महर्षिहरूले भनेकाछन् । ती सूत्रहरूमध्ये देव नागरी लिपी पनि हुन् । ती लिपी ३० हजार सूत्र प्राप्त भएपछि प्राप्त भएका हुन् । देवनागरी लिपीलाई अक्षर भनिन्छ । अक्षर भनेको कहिल्यै नमासिने कुरा हुन् ।  जव महाप्रलयबाट पृथ्वी लगायत सौर्यमण्डलादि नष्ट हुन्छन् त्यसबेला पनि अक्षर नष्ट हुदैन । पुनः परब्रह्ममा गएर बस्दछन् । जहाँबाट आएको हो त्यहि बस्दछन् । नेति नेति परब्रह्ममा लिन हुन्छन् । जव अनादि अनन्तलाई फेरि सृष्टि गर्न मन लाग्दछ त्यही चक्र फेरि दोहरिन्छ । देवनागरिलिपीको पत्तो पाए पछि ग्रहण गरिएका सूत्रहरूलाई लिपिबद्ध गरिएका हुन् । ती सूत्रमध्ये केवल ३० हजार मात्र ग्रहण गरिएका थिए । बाँकी ७० हजार अझै अन्तरिक्षमा छन् र तिनलाई ग्रहण गर्नानैं काम बाँकी छ भनिन्छ । ग्रहण गरिएकामध्ये आधाजति लिपिबद्ध गरिएका अवस्थामा लुटिए र नष्ट गराइए वा कहीं लुकाएर राखिएकोछ, कसैलाई थाहा छैन । ती सूत्रहरु जहिले जसरी प्राप्त भए त्यही अवस्थामा थिए । पछि महर्षि व्यासले विषय र सन्दर्भ मिलाएर ४ खण्डमा लिपिबद्ध गरि दिएका हुन् । तिनलाई ऋगवेद, सामवेद, यजुर्वेद र अथर्ववेद भनिन्छ । त्यो काम गरेका कारण व्यासलाई वेदव्यास भनिएको हो । ती वेदबाट चारवटा उपवेद पनि बनेकाछन् । अठारवटा पुराण पनि उनै व्यासले लेखेका हुन् । ती पुराणबारे हिन्दु धर्मको सारका  रूपमा मानिएको छ :

अष्टादश पुराणेषु व्यासस्य वचनं द्वयम् । परोपकार पुण्याय पापाय परपीडनम् ॥

**बेदमा राज्य व्यवस्था संचालन बिधि**

वेद अपौरूषेय ग्रन्थ हो । मानव सृष्टिसंगै स्रष्टाले निर्माण गरिदिएको बिधिबिधान हो । ती अपौरूषीय सूत्रलाई वेदब्यासले व्यवस्थित गर्दा बनाइएका चार खण्डमध्ये सामवेदमा राजाको काम कर्तव्य, जिम्मेबारी र सीमा तोकिएको छ । त्यही वेदका आधारमा मनुस्मृतिमा मनुले अझ स्पष्ट पारेर लेखिदिएका छन् । तर पाश्चात्य राजतन्त्र यस्तो होइन । ईशाई साम्प्रदाय पौरूषीय हो । त्यसले भौतिकबादलाई प्रश्रय गर्दछ । नारी शक्तिलाई निन्दा गर्दछ । त्यसकारण त्यसलाई मानवीय आदर्शबाट च्युत हुन बाध्य गराइएको हो । त्यसलाई नमुना मानेर वैदिक, अपौरूषीय र आदर्श राजधर्म भित्रको राजामाथि पनि त्यही व्यवहार गर्नु मूर्खता बाहेक अरू केही होइन । यसले राजसंस्थालाई मात्र  होइन आम नागरिक र समस्त प्राणीलाई नकारात्मक प्रभाव पार्दछ । समयमै यस उपर बुद्धि नपुऱ्याए भावी पिंढीले पछुताउनु पर्ने अवस्थाको सृजना हुनेछ ।

वैदिक राजधर्ममा अन्तिम सार्वभौम शक्ति जनतामा नै हुन्छ । सो शक्तिको दुरूपयोग राजाले गर्न पाउँदैनन । उदाहरणकालागि वैदिक कालका राजा वेनले वैदिक धर्म उलंघन गरेकाले जनताले उनलाई मृत्युदण्ड दिएको कथा श्रीमद्भागबतमा बर्णित छ । पाश्चात्य मुलुक बेलायतमा समेत राजा चार्ल्स प्रथमलाई जनताले मृत्युदण्ड दिएका थिए । तर राजाको आवश्यकता अपरिहार्य महसुस गरेर ११ बर्षपछि उनका उत्तराधिकारीलाई अनुरोध गरेर त्यहाँको गद्धी आरोहण गराएका थिए । राजालाई पुनर्स्थापना गराएका थिए । गल्तीमाथि माफी मागेका थिए । जस्ले राजसंस्था हटाउने उग्र काम गरेका थिए उसलाई पनि फाँसी दिइएको थियो । यसबाट नेपालीले पनि पाठ सिक्नुपर्छ ।

राजधर्मका बिधि बिधान वेदमा वर्णित छन् । सबै बिधिबिधान धर्ममा आधारित छन् । पाश्चात्य वेधर्मी पसेर निर्माण भएका बाहेक सबै ऐन कानून, नियम विनियम धर्ममा आधारित छन् । वैदिक धर्ममा प्राणदण्ड हुंदैन । प्राणदण्ड दिनुपर्ने अपराधलाई सामाजिक बहिस्कार गरिन्छ । सामाजिक बहिस्कारलाई मृत्युदण्डभन्दा ठूलो दण्ड मानिन्छ । यसले नै अछुत भन्ने जन्माएको हो । त्यसलाई समयमै धर्म अनुसार सही व्यवस्थापन गर्न नसकेकोले आज नकारात्मक रूप लिएको हो । पाश्चात्यको लहैमा यहाँ राणाकालमा मृत्युदण्डको पनि सुरूआत भएको पाइन्छ । तिनताक ब्राह्मणलाई मृत्युदण्डको बदला सामाजिक बहिस्कार गरिन्थ्यो । ब्राह्मण भनेको जात होइन , ज्ञान हो । ज्ञान अक्षर हो । ज्ञानलाई मार्न हुदैन भन्ने आधार पनि बैदिक हो । हिन्दुराज्य संचालन विधिमा राजाले यसै कुरा अनुसार शासन चलाउने गर्नु पर्दछ भनिएको छ ।

**वैदिक सनातन संस्कारको राजसंस्था**

वैदिक सनातन संस्कारको राजा भनेको न साम्यबादी हो न पुँजिपती हो । यो यी दुई बीचको भिन्न राजनैतिक व्यवस्था हो । यसमा जनताको चाहना अनुसार शासन चलाइन्छ । जनता नै परमेश्वर हुन्छन् । राजाले अनेक तरिकाबाट जनमत बुझ्नु पर्दछ । गुप्तचर र चरमाथि बिशेषचर र अन्तिम सुपरिवेक्षण आफैले पनि गर्नु पर्दछ । यी सबै कुरा भएको वैदिक राज्य व्यवस्थाको आदर्श राम राज्यमा पाइन्छ । वैदिक शासन कलामा जन चाहना कहिं कतैं कहिल्यै मिचिदैनन् । यसको प्रजातान्त्रिक अभ्यास नै यही हो ।

# मधुमेह : कारण र बच्ने उपाय

*कुमार थापा*

मधुमेह रोग आज विश्वकै लागि ठूलो समस्याको रूपमा देखा परिरहेको छ । नेपालजस्तो कम विकसित र चेतनास्तर कम भएको मुलुकका लागि त यो रोगले झनै बिकराल रूप लिन पुगेको देखिन्छ । त्यसैले पनि हामी नेपालीले अब यो रोगको विषयमा गम्भीर भएर सोच्नै पर्ने वेला आएको छ । विशेषगरी खानपिनमा ध्यान दिने, नियमित व्यायम गर्ने र तनाव नलिने बानीको विकास गर्न सकिएमा मधुमेहबाट सजिलैसँग बच्न सकिन्छ ।

'मधुमेह शिक्षा तथा रोकथाम' भन्ने नाराका साथ बिहीबार विश्वभर मधुमेह दिवस मनाइँदै छ । विश्व मधुमेह दिवस मनाइरहँदा हामी सबैले यो रोग लाग्नबाट बच्ने उपायको बारेमा जानकारी लिन सक्नुपर्छ । फेरि मधुमेहले बालक वृद्ध महिला, पुरूष केही नभन्ने भएकाले यो रोगबाट बच्न सबै पक्षले विशेष सक्रियता अपनाउनुपर्ने देखिन्छ ।

म एक अस्पताल सञ्चालकको हैसियतले पनि नजिकबाट अनुभूत गरिरहेको छु कि नेपालमा मधुमेह रोगीको संख्या दिन दुईगुना रात चौगुनाका दरले बढ्दै गइरहेको छ ।

हामीले अल्का अस्पतालमा विसं ०६५ देखि बर्सेनि नियमित रूपमा मधुमेहसम्बन्धी बृहत् निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आइरहेका छौँ । मधुमेह रोग आज एकप्रकारको जटिल रोग बन्दै गइरहेको र यस रोगले नेपालीलाई समाउने क्रम बढ्दै जान थालेकाले पनि हामीले सर्वसाधारणलाई केही हदसम्म राहत मिलोस् भन्ने उद्देश्यले पनि निःशुल्क स्वास्थ्य परीक्षण गर्दै आइरहेका छौँ । ०६५ सालदेखि हालसम्म आइपुग्दा हामीले झन्डै १५ हजार मधुमेह रोगीको निःशुल्क उपचार गरेका छौँ । ती बिरामी अहिले पनि हाम्रा चिकित्सकको नियमित अब्जर्भेसनमा छन् । वास्तवमा यो निकै महँगो रोग पनि हो । त्यसैले पनि सर्वसाधारण जनता जो यो रोगले सताइएका छन्, उनीहरूका लागि हामीले नियमित रूपमा नै निःशुल्क स्वास्थ्य परीक्षण गरी उनीहरूलाई केही हदसम्म राहत दिने प्रण यो दिवसको अवसरमा गर्न चाहन्छु ।

मधुमेह रोगको अवस्थालाई गहन रूपमा हेर्ने हो भने अहिले संसारका ३५ करोडभन्दा बढी जनसंख्या मधुमेहबाट पीडित छन् । अरु ३० करोडभन्दा बढी जनसंख्या मधुमेहको खतरामा छन् । नेपालको परिप्रेक्षमा हेर्ने हो भने कुल जनसंख्याको २० देखि ३० प्रतिशतमा मधुमेह रोग रहेको पाइन्छ । यो क्रम अझै बढ्दो छ । नेपालमा ग्रामीण क्षेत्रमा भन्दा सहरी क्षेत्रमा मधुमेहका बिरामीको संख्या अत्यधिक छ । विशेषगरी बढ्दो सहरीकरण, बसाइ सराइँ, लापारबाहीपूर्ण खानपान, कम व्यायाम र उच्च तनावका कारण सहरी क्षेत्रमा मधुमेहका बिरामीको संख्या बढ्दै जान थालेकाले सहरी क्षेत्रमा बसोबास गर्नेहरूले यो कुरामा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

मधुमेह रोगको खतरा हाम्रो जस्तो कम चेतना भएको र विकासोन्मुख देशमा अझै बढी देखिएकाले पनि हामी नेपाली अझ सचेत र संवेदनशील हुन जरूरी छ । सरकारीस्तरबाट नै मधुमेह रोगको नियन्त्रण र निवारणका लागि विशेष र प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

मधुमेह इन्सुलिन हर्मोनको गड्बडीबाट हुने रोग हो । यो सरूवा रोग होइन । यो नियन्त्रण राख्न सकिने तर निको नहुने दीर्घकालीन रोग हो । यो रोग धनी-गरिब, बच्चा, वयस्क, सहर तथा ग्रामीण भेगमा बस्ने जो कोहीलाई पनि लाग्न सक्छ । यतिखेर नेपालमा पनि सबै ठाउँमा यो रोगका कारण नेपाली पीडित हुने क्रम ह्वात्तै बढ्न थालेको छ ।

विभिन्न अध्ययनका अनुसार मधुमेहका कारण प्रत्येक ८ सेकेन्डमा एकजना मानिसको मृत्यु हुने गरेको छ । हरेक वर्ष करिब १० लाख मानिसको खुट्टा काटिने गरेको छ । मधुमेहका कारण हृदयाघात र पक्षघातको सम्भावना रहन्छ भने यसैका कारण  अन्धोपन हुने र मिर्गौला बिग्रने सम्भावनासमेत रहन्छ ।

मधुमेह खानपिन र जीवनशैलीसँग सीधै सम्बन्ध भएको रोग हो । खानपिनको गड्बडी जस्तै खानामा कार्बोहाइड्रेटको मात्रा बढी, चिल्लो र गुलियो बढी, अल्छी जीवनशैली, व्यायामको कमी, मोटोपन र तनाव बढी लिएमा मधुमेह हुने सम्भावना धेरै हुन्छ । त्यसैले खानपिन र जीवनशैली सुधार गरेमा मधुमेहबाट बच्न सकिन्छ ।

आज (बिहीबार) नेपालमा पनि विश्व मधुमेह दिवस मनाइँदै छ । तर, यो दिवस औपचारिकतामा मात्रै सीमित हुनु हुँदैन । यसका साथै हामीले मधुमेह दिवस सहर बजारमा मात्रै केन्द्रित भएको पाइरहेका छौँ । अब यस्ता दिवसलाई गाउँगाउँझसम्म पनि विस्तार गरिनुपर्छ । विभिन्न गाउँमा गएर मधुमेह रोगको सम्बन्धमा जनचेतना जागृत गर्नु आजको आवश्यकता हो । यो कार्यमा सरकारीस्तरबाटै बढी अग्रसरता देखाउनुपर्छ । यो कार्यमा स्वास्थ्यसँग सम्बन्धित प्राइभेट संघसंस्था पनि हातेमालो गर्दै अघि बढ्नुपर्छ । हामीले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत मधुमेहलगायत अन्य विभिन्न रोगबाट पीडित भएकालाई समेत वेलावेलामा निःशुल्क स्वास्थ्य परीक्षण गर्दै आइरहेका छौँ । स्वास्थ्य परीक्षण गरिएकालाई निःशुल्क औषधिसमेत वितरण गर्दै आइरहेका छौँ । हामीले विगत ५-६ वर्षको अवधिमा मात्रै देशका विभिन्न स्थानमा २ सय ५० वटा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरिसकेका छौँ । त्यस क्रममा विभिन्न रोगका गरी २ लाख ५० हजारभन्दा बढी सर्वसाधारणको निःशुल्क स्वास्थ्य परीक्षणसमेत सम्पन्न गरेका छौँ । यस्तो कार्यलाई अन्य सबै अस्पतालले पनि अभियानका रूपमा अघि बढाउनुपर्छ जस्तो लाग्छ । नेपाल सरकारले विभिन्न प्रकारका सर्ने रोगका लागि बढी योजना कार्यक्रम बनाउनुका साथै बजेट पनि त्यसैमा खर्च गर्दै आएको छ तर, मधुमेहलगायत नसर्ने तर जटिल मानिएका रोग नियन्त्रणका लागि सरकारले विशेष कार्यक्रम तथा नीति ल्याउन सकेको छैन । तर, यस्ता रोगबाटै बढीभन्दा बढी मानिस मर्न विवश भइरहेका छन् । सरकारले यो तथ्यलाई बुझेर सोहीअनुसारका कार्यक्रम ल्याउनुपर्छ ।

## कफिखेतीसम्बन्धी दुई दिने तालिम सम्पन्न



ललितपूर दुर्गम गाविस दुर्लुङ्गको सिलिङेमा स्थापित सिलिङ्गे कफि उत्पादक सहकारी संस्था लिमिटेडमा दुई दिने व्यवसायिक मसला खेती सम्बन्धी तालिम सम्पन्न भएको छ । पिन नेपाल र नेपाली बजारो लि.को आयोजना, रिच्युयल फ्रेट प्रा.लिको निर्देशन तथा स्पाइसी होम स्पाइसेजको संयोजकत्वमा सम्पन्न तालिम कात्तिक २३ र २४ भएको थियो ।

३१ जना कृषकको सहभागिता रहेको तालिममा अलैंची, अदुवा, बेसार, लसुनलगायतका बाली भित्र्याउने तथा प्रशोधन र भण्डारण, प्याकेजिङ्ग बारे जानकारी दिइएको थियो । साथै सहभागीलाई लसुन, अदुवा र बेसारको प्रशोधनमा ध्यान दिनु पर्ने कुरा, माटो सफा गर्ने र चाना बनाई सुकाउने तरिका बारे प्रयोगात्मक कक्षा दिइएको थियो ।

# मधेसमा दलितप्रति बढ्दैछ दुर्व्यवहार

**अनिल कर्ण**

व्यक्ति जब निरूपाय हुन्छन्, अनि समर्पणको भाव पलाउँछ उनको मनभित्र । कुनै बेला महन्थ ठाकुरलाई गद्दारको संज्ञा दिएका राजेन्द्र महतोको मनमा उनीप्रति श्रद्धा र सम्मान फुरेको छ र, एकीकरणको प्रयासको रूपमा अभिव्यक्त पनि भइरहेको छ । सायत् यसैले गर्दा भनिएको छ कि राजनीतिमा कोही स्थायी मित्र वा दुश्मण हुँदैनन् । आत्मीयताको मापदण्ड र स्तर समय, परिस्थिति र तात्कालिक मनस्थितिले निर्धारण गर्छ । कट्टर शत्रुलाई मित्र बनाउने यो राजनीतिक खेलको सतही निष्कर्ष दलहरूबीच सहकार्य हुनुपर्ने बाध्यता नै हो तर गहिरो कारण धेरै छन् । जसले एकीकरण प्रक्रियालाई अन्तोगत्वा सहकार्यसम्मको साँघुरो सीमामा कैद गर्न सक्छ । त्यसैले तमलोपा अध्यक्ष महन्थ ठाकुरले बुधबार भने, □एकीकरण नभए पनि चुनावी तालमेल(सहकार्य) हुनसक्छ मधेशवादी दलहरूबीच ।'

फरकफरक पार्टी र राजनीतिक पाठशालाबाट आएकाहरूको सहकार्य गर्ने वैधानिक राजनीतिक थलो तराईमधेश लोकतान्त्रिक पार्टीको विभाजनको पीडा र तिक्तताले ठाकुरजीलाई अझै पोलेको हुनुपर्छ । जातीय सङ्कीर्णता, आत्मअह□ार र पृथक राजनीतिक कार्यशैलीले गर्दा महेन्द्रप्रसाद यादवले पार्टी फुटाएको कुरामा अझ् श□ा गर्नुपर्ने अवस्था छैन् । सत्ताभन्दा पनि अनियन्त्रित र प्रभावहीन शक्तिको महत्वाकांक्षा र एकल नेतृत्वको स्वाद चाख्ने मनोकांक्षाले गर्दा पनि सत्तासीन भइरहँदै यादवले ठाकुरबाट अलग्गिने तानाबाना बुनेका थिए । राजनीतिको पर्याय नै सत्ता भएको बेला यादवले मधेशवादी दलका सभासदहरूको तिनै कमजोरीलाई टेकेर छुट्टै पार्टी दर्ता गराए । पार्टी विभाजनको कारक ठाकुरजी नभए पनि उनी दोषमुक्त भने रहन सकेनन् । अतिशय विश्वास, रहस्यमयी व्यवहार र घुर्कीधम्की दिनेहरूलाई ठाउँ दिने उनको प्रबृत्तिले नै पार्टी विभाजित भएको ठहर फुटाउने र फुटविरोधी दुबै पक्षले गरेका थिए । अर्थात् पार्टी विभाजनलाई रोक्न नसकेको बात उनलाई लागेको धेरै भएको छैन । सायत् तिनै दोषहरूलाई पखाल्न ठाकुरको जीजीविषा नै एकीकरण वा सहकार्यको आशामा अनुवाद भएको छ ।

उनको पछिल्लो आशालाई भरथेग गर्न राजेन्द्र महतोले डेग उचालेका छन् । उनको दगुऱ्याइ अनुचित नभए पनि अचम्भित तुल्याउने र अनपेक्षित अवश्य पनि हो । मधेशमा बहुदलीयताको अभ्यास हुनुपर्ने जिकीर र मधेशविरोध चरित्रसँग सम्झौता नगर्ने महतोको पूर्व उद्घोषविपरित महन्थ ठाकुरको छहारीलाई स्वीकार्ने स्थिति बन्नु यथार्थमा एउटा राजनीतिक संयोग हुनुपर्छ । जसलाई पछिल्ला घटनाक्रमहरूले निर्देशित गरेका छन् । यसको बृहत्त राजनीतिक अर्थ भने जुनसुकै मधेशवादी दल जोसुकैसँग एकीकरण गर्दा प्राप्त हुने सकारात्मक परिणाम हो । यद्यपी सोच र भीडको स्तरमा विपरित ध्रुबझैं देखिने यी दलहरूबीच एकीकरण भए मधेशवादी दल जुनसुकै प्रतिकूलतालाई अनुकूलतामा रूपान्तरण गर्ने साहस देखाउन सक्छ भन्ने सन्देश प्रवाहित हुने कुरामा दुइमत छैन ।

तमलोपा र सदभावनाबीचको एकीकरणको प्रयास किन हुँदैछ । यसबारेमा राजनीतिक विश्लेषकहरूको बुझाइ र व्याख्या फरकफरक ढङ्गको छ । धेरैले यसलाई सदभावनाको आफू एकीकरण पक्षधर रहेको जनाउ दिन नयाँ राजनीतिक तुरूप फ्याकेको अर्थमा लिएका छन् । यसले एकीकरणविरोधी रहेको सदभावनाको केही दिनअघिसम्मको छविलाई परिवर्तित हुन मद्दत मिल्नेछ । यद्यपी सद्भावना अध्यक्ष महतोले भने एकीकरणको विरोधभन्दा सहधर्मीको पहिचान भए मात्र सहकार्यलाई अघि बढाउने कुरा गर्दै आएका थिए । अहिले उनले सहधर्मीको रूपमा तमलोपालाई अगाडि ल्याएका हुन । तमलोपाभित्र पनि महतोका विगतका अभिव्यक्तिहरूबारे गम्भीर बहस हुँदैछ । तर एकीकरणले तमलोपालाई दिने जीवन्तताको साधुचिन्तनले भने ती विखालु बोलीहरूलाई धोबीखेलामै सेलाउनुपर्ने निष्कर्ष ठाकुरवादी तमलोपाकर्मीहरूको हुनेछ । अर्थात् एकीककरणको रापले लाञ्छनाको घाउखतलाई महत्वहीन बनाउने निश्चित छ ।

सद्भावनाले पटकपटक एकीकरण वा सहकार्यका लागि सहधर्मी खोज्दैआएको छ । कुनै बेला शरत्सिँह भण्डारी नेतृत्वको राष्ट्रिय मधेश समाजवादी पार्टीसँग पनि सहकार्य गर्ने चियोचर्चा भएकै थियो । तर अखाडामा को चैँ शेर हुने भन्ने उच्चताभाषले त्यससम्बन्धी कुनै रूपरेखा कोरिएन । अहिले तमलोपासँगको एकीकरणले सद्भावना अध्यक्ष पार्टीको इतिहास, आकार र आयतनका कारण पनि कार्यकारी बन्न खोज्ने निश्चित प्रायः छ । राजनीतिक सक्रियता र स्पष्ट कार्ययोजनाका कारण महतोले आफ्नो राजनीतिक उचाईँलाई छोट्टिन दिएका छैनन् भने नवप्रवेशीहरूलाई समेत सम्मानजनक स्थान दिएर नेता हुनुको नैतिक बलमा ह्राससमेत आउन दिएका छैनन् । यो गुण नै उनका लागि कार्यकारीका लागि दाबी गर्ने स्पेस दिनेछ । उनको आकांक्षा एकीकृत पार्टी हाँक्ने नै हुनसक्छ । आफूले डिफ्याक्टो नेतृत्व गर्ने पार्टीको आकार बढाउन एकीकरण उनका लागि सर्वोत्तम विकल्प हो भन्ने कुरा उनले बुझेका छन । तमलोपासँगको एकीकरणले उनको पार्टी मधेशमा अन्य पार्टीभन्दा बढी उदार(जातीयताको सन्दर्भमा) रहेको सन्देश जाने र यसले सँख्यात्मकरूपमा बढी कार्यकर्ताहरूको रोजाइ बन्ने उनको आकलन सही ठहरिन सक्छ । पार्टी एकीकरणको सन्दर्भ आउँदा नेताहरूको व्यवस्थापन महत्वपूर्ण पक्ष हो, तर त्यसभन्दा ठूलो टाउको दुखाइ अध्यक्षहरूको समायोजन हो । ठाकुरजीको बढ्दो उमेर, राजनीतिक विरासत र श्रद्धापरम्पराले उहाँलाई सम्मानित नेताको रूपमा प्रस्तुत गर्न सद्भावनालाई सजिलो हुनेछ । तर समवय र तुलनात्मकरूपमा कम राजनीतिक यात्राको बोधले पार्टीभित्रका हृदयेश त्रिपाठीहरूका लागि महतोलाई कार्यकारीको रूपमा स्वीकार्ने काम फलामको च्यूरा चपाउनेजस्तो हुनसक्छ । यस्तोमा तमलोपाभित्र सहधर्मीको महतोखोज एम्बुसमा पर्दै नपर्ने भन्नु तर्कसङ्गत हुँदैन । तमलोपा र सदभावनाबीचको एकीकरणको चर्चा तीनचार दिनअघि नै बजारमा आए पनि त्यस विषयमा गृहकार्य भइरहेको स्वीकारोक्ति एक दिनअघि मात्रै दुवै पक्षले गरेका हुन । अन्तिम गृहकार्यपछि यो स्वीकारोक्ति भने आएको होइन । यसअर्थमा चर्चाभित्र पनि कुनै राजनीतिक उद्देश्य हुन सक्छ भन्ने कुरालाई नजरअन्दाज गर्न सकिँदैन । महेन्द्रप्रसाद यादवनेतृत्वको तमलोपा नेपाल र सरिता गिरीनेतृत्वको नेपाल सदभावना पार्टीबीच एकीकरणका लागि सहमति भएको समाचारसँगै तमलोपा र सद्भावना एकजुट हुन थालेको चर्चा भएको हो । दुबै घटनाक्रमले मधेश र देशको राजनीतिलाई तत्काल र सीधा प्रभावित नगरे पनि सर्लाहीको राजनीतिक शक्ति सन्तुलन र घरेलु चुनावी रणनीतिलाई भने असर पार्ने कुरामा संशय छैन । सरिता गिरीसँगको हातेमालोले महेन्द्रप्रसाद यादवले पञ्जाछाप प्राप्त गर्ने र पुराना सदभावनाकर्मी गिरीलाई भित्र्याउने दुवै सफलताबाट महतोलाई त्रासमा पारेको हुनुपर्छ । पञ्जाछाप र सद्भावना दुवैको राजनीतिक वैद्यताबाट राजनीतिकर्मी बनेका महतोका लागि यादवको पछिल्लो कदम घातक प्रहारको रूपमा प्रकट भएको छ । यस्तोमा गृहजिल्ला सर्लाहीकै पार्टी अध्यक्ष महन्थ ठाकुरनेतृत्वको पार्टीसँग एकीकरणले जिल्ला राजनीतिमा छुट्टै तरङ्ग आउने महतोको बुझाइ हुनुपर्छ । एकीकरणको यो प्रयास यसअर्थमा पनि सर्लाही जिल्लाको सेरोफेरोमा बुनिएको हो भन्दा अत्युक्ति नहोला । यद्यपी यसले समयान्तरमा फराकिलो र बिस्तारित उद्देश्यलाई सम्बोधन गर्न सक्छ । अन्त्यमा, सद्भावना र तमलोपाबीचको एकीकरणको गृहकार्यको परिणाम सकारात्मक र सफल भए राहत जिल्लाबासीलाई अवश्य हुनेछ ।

# संविधानसभा सदस्य संख्या सात सय पुऱ्याइने

काठमाडौं । आउँदो संविधानसभाको निर्वाचनमा नेकपा-माओवादीसहितका ३३ दलले सहभागिता नजनाएपछि चुनावमा भाग लिएका ठूला दलका केही शीर्ष नेताहरूले नेकपा-माओवादीको सहभागिताविना संविधान निर्माण हुन नसक्ने उद्घोष गर्न थालेका छन् । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले त केही दिन पहिला नेपालको अन्तरिम संविधानमा व्यवस्था भएनुसार संविधानसभामा मनोनित गरिने २६ सदस्य नेकपा-माओवादीलाई दिने प्रस्ताव नै गरिसकेका छन् । त्यसैगरी नेकपा एमालेका वरिष्ठ नेता माधव नेपालले समेत त्यस्तै अभिव्यक्ति दिएर नेकपा-माओवादीसहितका ३३ दलका नेता तथा कार्यकर्ताहरूको मत पाउने रणनीतिक चाल चलेको आभास पाउन थालिएको छ ।

दलहरूलाई नेकपा-माओवादीसहितका ३३ दललाई बाहिर राखेर संविधान निर्माण गर्न सकिँदैन भन्ने आत्मादेखि नै लागेको हो भने किन उनीहरूलाई चुनावमा ल्याउने प्रयास गरिएन त ? नेकपा-माओवादीसहितका ३३ दलले राखेका जायज मागहरू पहिला नै पुरा गरिदिएको भए चुनाव सहज वातावरणमा सम्पन्न हुन सक्ने थियो, तर ठूला दलहरूको हठ र मन्त्रिपरिषद्का अध्यक्ष एवं सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको अकर्मण्यताका कारण नेकपा-माओवादीसहितका ३३ दललाई चुनावमा सहभागी हुनबाट बाहिरै राखियो, आखिरी किन ?

पछिल्लो समयमा कथित ठूला भनिएका राजनीतिक दलहरूले नेकपा-माओवादीलगायतका अन्य दलहरूलाई संविधान निर्माणको कार्यमा सहभागी गराउनको लागि संविधान संशोधन गर्ने भित्रभित्रै प्रयास सुरू गरेको आभास पाउन थालिएको छ । पछिल्लो पटक संविधान संशोधन गरेर संविधानसभामा सदस्यहरूको संख्या ६ सय १ पुऱ्याइएकोमा उक्त संख्यामा फेरि नेकपा-माओवादी पार्टीमा भएका ९२ जना पूर्व सभासद्हरूकै संख्यामा रहेर नेकपा-माओवादीलाई त्यही ९२ जना सभासद् दिने एउटा प्रयास भएको र अर्को चाहिँ एमाओवादीले प्रत्यक्ष र समानुपातिक दुवै गरी ल्याएको प्रतिशतका आधारमा नेकपा-माओवादीलाई ४० देखि ४५ प्रतिशत दिने गरी संविधान संशोधन गरी नेकपा-माओवादीलाई संविधानसभामा पुऱ्याउने रणनीतिमा रहेको खुलासा भएको छ । यसरी ६०१ नै जम्बो संविधानसभाको संख्या भएको अवस्थामा फेरि ९२-९५ जना थपेर संविधानसभामा सदस्यहरूको संख्या ७ सय पुऱ्याउने भएपछि मुलुकको हालत कस्तो होला ।

## vjhsb

# मनाङ क्वाटरफाइनलमा




मनाङमर्स्याङ्दी क्लब भारतको सिक्किममा जारी ३४औं गभर्नस गोल्डकप फुटबल प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेको छ । बुधबार भएको प्रिक्वाटरफाइनलमा मुम्बईको आयल एन्ड नेचुरल ग्यास कर्पोरेसन (ओएनजिसी)लाई २-१ ले पराजित गर्दै मनाङ प्रतियोगिताको अन्तिम आठमा प्रवेश गरेको हो ।

सिक्किमको पल्जोर रंगशालामा निर्धारित ९० मिनेटको खेल गोलरहित बराबरीमा टुंगिएपछि खेल ३० मिनेटको अतिरिक्त समयसम्म लम्बिएको थियो । मनाङले अतिरिक्त समयको सुरूवातमै अग्रता बनाएको थियो । खेलको ९२औं मिनेटमा अनिल गुरूङले उत्कृष्ट हेडिङ गोल गर्दै मनाङलाई १-० ले अघि राखेका थिए । खेलको १०७औं मिनेटमा ओएनजिसीले खेल १-१ को बराबरीमा फर्कायो । लाल पुइयाले १-१ को बराबरीका लागि गोल गरेका थिए । खेलको ११९औं मिनेटमा सुजल श्रेष्ठले गोल गर्दै मनाङलाई २-१ ले विजयी बनाए ।

# नेपाल अमेरिकासँग पराजित

आइसिसी टी-२० विश्वकप छनोट प्रतियोगिता खेल्न युएईमा रहेको नेपाली राष्ट्रिय टोली बुधबार भएको दोस्रो अभ्यास खेलमा अमेरिकासँग पाँच विकेटले पराजित भएको छ । पहिलो अभ्यास खेलमा नेपालले मंगलबार घरेलु प्रतिद्वन्द्वी युएईलाई पाँच विकेटले नै पराजित गरेको थियो ।

अबुधाबीस्थित सेख जायद स्टेडियममा टस जिती पहिलो ब्याटिङ गरेको नेपालले निर्धारित ओभरमा सात विकेट गुमाउँदै १२९ रन जोडेको थियो । प्रत्युत्तरमा अमेरिकाले अन्तिम दुई बल बाँकी छँदा जित भेट्टायो । नेपाल कुनै अवस्थामा जितनजिक पुगेर पनि खेलमा पकड गुमायो । खेलको १७औँ ओभरमा अमेरिका १००/५ को अवस्थामा थियो । अमेरिकालाई जितका लागि अन्तिम १८ बलमा ३० रन आवश्यक थियो ।

तर, अमृत भट्टराईले गरेको १८औं र जितेन्द्र मुखियाले गरेको १९औं ओभर नेपालका लागि महँगो साबित भयो । अमृतको ओभरमा अमेरिकाले तीन चौकासहित १६ रन लियो भने जितेन्द्रको बलमा ११ रन लियो । त्यसपछि कप्तान पारस खड्काले गरेको अन्तिम ओभर बलिङको चौथो बलमा एक रन लिँदै टिम्रोय एलेनले अमेरिकालाई जित दिलाए ।

एलेन २५ बलमा ३२ रन जोड्दै नटआउट रहे । अमेरिकाका लागि इल्मोर हिचिन्सनले ३३ तथा स्टेभन टेलरले २० रन जोडे । नेपालका लागि उपकप्तान ज्ञानेन्द्र मल्लले सर्वाधिक ३३ रनको योगदान दिरँए । उनले ३८ बलमा तीन चौका प्रहार गरे । त्यसबाहेक अन्य ब्याट्सम्याले गतिलो प्रदर्शन गर्न सकेनन् । शरद भेसवाकरले १९ बलमा २६ रन जोड्दा विनोद भण्डारीले २२ रन जोडे । शरदले दुई चौका र एक छक्का प्रहार गरे । विनोदले २८ बलमा दुई चौका प्रहार गरे ।

युएईविरूद्ध नटआउट ८५ रनको योगदान दिएका कप्तान पारस खड्का ६ रनमै आउट भए । उनले १० बलमा एक चौका प्रहार गरेका थिए । अमेरिकाविरूद्ध पनि नेपालको सुरूवात सन्तोषजनक हुन सकेन । स्कोरबोर्डमा मात्र चार रन रहँदा पहिलो ओभरको चौथो बलमै ओपनर सुभाष खकुरेल ३ रनमै रनआउट हुन पुगे । दोस्रो ओभरको चौथो बलमा अर्का ओपनर प्रदीप ऐरी पनि १३ रन जोड्दा क्याच आउट भए । नेपाल आफ्ना दुवै ओपनरलाई गुमाउँदा १३/२ को अवस्थामा थियो । त्यसपछि क्रिजमा आएका ज्ञानेन्द्रले नेपाली इनिङलाई उकासेका थिए । ज्ञानेन्द्रले विनोदसँग मिलेर चौथो विकेटका लागि ३५ रनको साझेदारी गरे । अमेरिकाविरूद्ध यो नै नेपाली खेलाडीबीचको उत्कृष्ट साझेदारी रह्यो । अनिल मण्डल ९ तथा वसन्त रेग्मी ५ रनमा अविजित रहँदा अलराउन्डर सागर पुन ५ रनमै आउट भए । तीन बल खेलेका अनिलले एक छक्का प्रहार गरेका थिए । बलिङतर्फ नेपालका लागि अमृत र जितेन्द्र खर्चिलो देखिए । तीन ओभर बलिङ गरेका अमृतले ३५ रन खर्चे भने जितेन्द्रले तीन ओभरमा २२ रन दिए । दुवैले एक-एक विकेट लिए ।

# मेसी कम्तीमा आठ साता मैदानबाहिर

बार्सिलोनाका अर्जेन्टिनी स्टार लियोनल मेसी 'ह्यार्मस्ट्रिङ'का कारण कम्तीमा ६ सातासम्म मैदानबाहिर रहनुपर्ने स्पेनिस एजेन्सीहरूले जनाएका छन् । स्पेनिस लिगअन्तर्गत रियल बेटिसविरूद्धको प्रतिस्पर्धामा मेसी चोटग्रस्त बनेका थिए । मेसीले पनि पूर्ण फिट हुन समय लाग्ने बताएका छन् ।

'सबैलाई जानकारी भएकै कुरा हो, अबको केही साता म मैदानबाहिर रहनेछु,' मेसीले आफ्नो सामाजिक सञ्जाल फेसबुक पेजमा पोस्ट गर्दै भने, 'पूर्ण फिट हुन म सक्दो मिहिनेत गर्नेछु ।' चोट जटिल भएकाले तत्कालै खेल्न नसक्ने उनले फेसबुकमा उल्लेख गरेका छन् । 'बार्सिलोनाबाट केही खेल गुमाउनुपर्दा दुःख लागेको छ,' २६ वर्षीय मेसील भने, 'मैदानमा उत्रन जति मह□वपूर्ण छ, त्यति नै चोट निको पार्नुपर्ने अर्को दायित्व हो ।'

केही साता मैदानबाहिर रहे पनि आफूले टोलीको जित कामना तथा समर्थन गर्ने उनी बताउँछन् । 'क्लबलाई मेरो समर्थन र प्रेरणा सधैँ रहन्छ,' उनले भने । बेटिसविरूद्धको खेलमा मेसी १९औँ मिनेटमै मैदानबाट बाहिरिएका थिए । यस सत्रमा मेसी तेस्रोपटक घाइते भएका हुन् । गत सत्रमा मेसीलाई चोटले सताएको थिएन ।

मेसीको अनुपस्थितिमा बार्सिलोनाले एटलेटिको म्याड्रिड तथा च्याम्पियन्स लिगका खेल गुमाउने पक्का छ । च्याम्पियन्स लिगमा मेसीले अज्याक्स तथा सेल्टिकविरूद्धको खेल गुमाउनेछन् । मेसी चोटग्रस्त भएपछि बार्सिलोनाले ब्राजिलका चर्चित युवा स्ट्राइकर नेमारलाई फिनिसिङको प्रमुख जिम्मेवारी दिएको स्पेनिस पत्रिका मार्काले जनायो ।

# निर्वाचन सुरक्षामा केन्द्रीत हुन् वन्तको निर्देशन

काठमाडौं । सशस्त्र प्रहरी बलले आसन्न सम्बिधानसभ निर्वाचनमा शान्तिसुरक्षा कायम गर्न आफ्नो सम्पूर्ण तयारी पुरा गरेको सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तले बताए । बुधबार निर्वाचनमा सशस्त्र प्रहरी बलको तयारीको अवस्था, एपीएफ टोलीको परिचालन र बन्दोवस्ती, श्रोतसाधन लगाएतका विषयमा मातहत सबै क्षेत्रबाट जानकारी लिँदै उक्त कुरा बताए ।

उनले केन्द्रीय निर्वाचन सेल तथा पाँचै क्षेत्रस्थित क्षेत्रीय निर्वाचन सेलबाट भएगरेका कामकारवाही तथा उपलब्धीबारे जानकारी लिनुका साथै आवश्यक निर्देशन समेत दिए । सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट लाइभ भिडियो स्ट्रीमिङ मार्फत पाँचै क्षेत्रबाट जानकारी लिएपछि सशस्त्र प्रहरी महानिरीक्षक वन्तले द्विविधासहित ढंगले जिम्मेवारी निर्वाहमा कृयाशिल रहन तथा सम्पूर्ण गतिविधि सुरक्षामा केन्द्रित गर्न निर्देशन दिए ।



सशस्त्र प्रहरी बल निर्वाचनको बेला आफु तैनाथ जिल्लाहरुको अतिरिक्त सम्वेदनशील तथा अतिसम्वेदनशील क्षेत्रहरू समेत गरी ६० भन्दाबढि जिल्लाहरूमा परिचालित छ । निर्वाचनमा बलको जनशक्ति करीब ३२ हजार परिचालित हुने तथा संगठनले निर्वाचनमा सुरक्षा तैनाथीलाई अवसर तथा चुनौतीको रुपमा लिएर सम्पूर्ण तयारी पुरा गरेको छ ।

निर्वाचनमा प्रभावकारी ढंगले सुरक्षा व्यवस्था मिलाउन सशस्त्र प्रहरी बलले आफ्नो सम्पूर्ण जनशक्तिलाई 'निर्वाचन सुरक्षा अनुशिक्षण तालिम' समेत दिइसकेको छ । सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूलाई तालिमको दौरानमा मतदानको अगाडी पछाडी सम्पूर्ण अवस्थामा सुरक्षाको व्यवस्था, सुरक्षा नीति, निर्वाचन ऐन, निर्वाचन आचार संहिता, सुरक्षाको अवस्था, एपीएफ परिचालित निर्वाचन क्षेत्रको स्थिति र सुरक्षा व्यवस्था, मानव अधिकार, निर्वाचनमा सशस्त्र प्रहरी बलको कामकारवाही र अधिकार लगाएतका विषयहरूमा प्रशिक्षण दिइएको छ ।

सशस्त्र प्रहरी बलले आफु परिचालित मतदान केन्द्रको अवस्था, मतदाता संख्या, सदरमुकामबाट त्यस ठाउँको दुरी, नजिकको एपीएफ इकाईबाट त्यसठाउँको दुरी, त्यसठाउँको बाटोको अवस्था, थप मद्दत जानु परेमा लाग्ने समय लगाएतको सम्पूर्ण तथ्यांक सशस्त्र प्रहरी बल प्रधान कार्यालयमै तयार गरी सबै एपीएफ इकाईमा उपलब्ध गराएको छ ।

## /Elg va/



### उर्वशीमा नीताको नजर

आफू शीर्ष भूमिकामा अभिनीत फिल्म उर्वशीको प्रदर्शन मिति तोकिएपछि नायिका नीता ढुंगाना उत्साही भएकी छिन् । नोटबुकबाट सर्वोत्कृष्ट अवार्ड जितेकी नीता उर्वशीले पनि आफ्नो करिअरमा नयाँ मोड ल्याउनेमा विश्वस्त छिन् । मनीष पन्थीको निर्देशनमा बनेको उवर्शी १४ मंसिरमा रिलिज हुँदै छ । चुनावका कारण हाल ठूलो लगानीका नयाँ नेपाली फिल्म रिलिज गरिएको छैन । चुनाव परिणामसँगै प्रदर्शनमा आउने उर्वशीले दर्शकको साथ अत्यधिक पाउने आशा नीताको छ ।

'टाइटल रोलमा भएकाले म निकै उत्साही छु,' उर्वशीबारे नीता भन्छिन्, 'नाम झैं फिल्म पनि उस्तै राम्रै छ ।' खगेश्वर पुनले निर्माण गरेको उर्वशीमा नीताका साथमा किशोर खतिवडा र अरूणिमा लम्साल प्रमुख भूमिकामा छन् ।

### फिल्म निर्माणमा सावित्री



नृत्य निर्देशनमा नाम कमाएकी बहुमुखी प्रतिभा सावित्री खत्री फिल्म निर्माणमा ढल्किएकी छिन् । उनले निर्माण गर्न लागेको चलचित्रको नाम हो- '१४ फेब्रुअरी' । चलचित्रको सुटिङ पुस दोस्रो साताबाट सुरू हुने साबित्रीले बताइन् ।

आफू रहरले चलचित्र निर्माणमा प्रवेश गरेको बताउने सावित्री नृत्य निर्देशन भने छोड्ने पक्षमा छैनन् । 'नृत्य त मेरो जीवन हो । यसलाई सकुन्जेल निरन्तरता दिन्छु,' उनले भनिन् । नृत्यांग्नाको रूपमा उनले थुप्रै चलचित्रमा काम गरिसकेकी छिन् भने दुई दशकदेखि नृत्य निर्देशनमा पनि सक्रिय छिन् । उनी आफूले देश-विदेशमा दर्जनौं स्टेज कार्यक्रम गरिसकेको बताउछिन् । उनी गायनमा पनि सक्रिय छिन् ।

उनको स्वरमा 'ठूली'नामक गीतिएल्बम हालै स्रोतामाझ आएको छ । एल्बममा उनलाई गायक प्रह्लाद तिमल्सिना र शम्भु राईले साथ दिएका छन् । 'ठूली'का गीतको म्युजिक भिडियोसमेत निर्माण गरेकी सावित्री अहिले आफ्नो फिल्मको गीत रेकर्ड गरिरहेकी छिन् । उनको फिल्ममा विकास चौधरीको संगीत रहनेछ ।

### ३५ वर्षपछि कथा लेख्दै राजेन्द्र

साहित्यकार राजेन्द्र थापा साढे तीन दशकपछि कथा लेखनमा सक्रिय भएका छन् । उनले दसैंपछि मात्रै डेढ दर्जन कथा लेखिसकेका छन् ।

'मैले करिब ३५ वर्षअघि लेखेका कथा सेनाको बुलेटिन र रमझम पत्रिकामा छापिएका थिए । त्यसपछि लेखेको थिइनँ,' उनले मंगलबार नयाँ पत्रिकासँग भने, 'अहिले फेरि कथा लेखनमा लागेको हुँ । संग्रह पुससम्ममा आउँछ ।' संग्रहको नाम 'बँदलेको कथा' रहने पनि उनले जानकारी दिए । संग्रहमा करिब दुई दर्जन कथा समेट्ने उनको योजना छ ।

हरेक वर्ष दसैं-तिहारमा सपरिवार उपत्यकाबाहिर भ्रमणमा निस्कने थापाले यस वर्ष भने कथा लेखनलाई समय दिएका हुन् । 'मैले दसैंअघि केही साहित्यिक पत्रिकाका कथा विशेषांक हेरें । त्यसपछि कथालेखनमा मेरो आवश्यकता छ भन्ने महसुस भयो,' कथा लेखनमा सक्रिय हुनुको कारण खुलाउँदै उनले भने, 'दिमागमा वर्षौंदेखि रहेका प्लट र समसामयिक घटनालाई समातेर लेखिरहेको छु ।'

उनले अहिले प्रविधिका कारण पनि कथा लेखन सजिलो बनेका बताए । 'पहिले पनि कथा लेख्न मन लाग्थ्यो, तर हातले लेख्दा निकै ढिलो हुने भएकाले लेख्नै सक्दिनथें । तर, अहिले कम्प्युटरको प्रयोगले लेख्न र सम्पादन गर्न निकै सजिलो भएको छ,' उनले भने । दसैंअघिसम्म बालबालिकालाई लक्षित स्वैरकाल्पनिक उपन्यास लेखनमा व्यस्त रहेका थापाले त्यसलाई भने स्थगित गरेका छन् । उनले भने, 'म एउटा विधा लेख्न थालेपछि अर्को विधा नचलाउने बानी छ । जति समयसम्म एउटा विधा खेलाउन मन लाग्छ खेलाउँछु, अनि मात्रै अर्को विधामा लाग्छु ।'

पछिल्लो समय 'खेलौना' र 'द्रौपदी'जस्ता नारी यौन मनोविज्ञानमा आधारित उपन्यास लेखेर चर्चा बटुलेका राजेन्द्रले आफ्ना अधिकांश कथा पनि नारीकै विषयमा केन्द्रित गरेका छन् । कथामा भने सामाजिक, सांस्कृतिक र राजनीतिक समस्यालाई पनि विषय बनाएको थापाले बताए ।

उनले कथा लेखनमा नयाँ शैली प्रयोग गरिरहेको दाबी पनि गरेका छन् । उनी भन्छन्, 'मेरा कथा केबुलकारजसरी सलल बग्दै जान्छ, अनि यात्रामा रोलर कोस्टरजसरी तलमाथि उफ्रन्छ र अन्त्यमा बन्जीजम्पमा जसरी पाठकलाई उद्वेलित बनाएर सकिन्छ ।' उनले लेखनमा नेपालीको मौलिक कथा वाचनशैलीलाई पक्रिएको बताए । साहित्यका अधिकांश विधामा कलम चलाउने थापाका नौ पुस्तक प्रकाशित छन् । थापा पोहर साल खुसी फाट्दा, पर लैजाऊ फूलहरु, क्यादामी भो, दर्शन नमस्ते, गाला रातैजस्ता गीतका रचनाकार पनि हुन् ।

## skf/6

### एनएमबी विज्ञापन प्रवर्द्धकमा चन्द

एनएमबी बैंकले अन्तर्राष्ट्रिय फुटबल खेलाडी रोहित चन्दलाई आफ्नो सेवा तथा सुविधाको विज्ञापन प्रवर्द्धकमा नियुक्त गरेको छ । चन्दले एक वर्ष बैंकको विज्ञापन तथा अन्य प्रचारप्रसार सामग्रीमा सहभागिता जनाउनेछन् । यसअघि मच्छिन्द्र फुटबल क्लबलाई समेत एनएमबी बैंकले एक वर्षका लागि प्रायोजन गरेको थियो ।

हालै चन्द नेपाली फुटबल क्षेत्रमा सबैभन्दा बढी पारिश्रमिक पाएर एनएमबी बैंक मच्छिन्द्र फुटबल क्लबसँग अनुबन्धित भएका छन् । रोहित इन्डोनेसियन फुटबल क्लब पर्सिजा जाकर्ताका लागि खेल्छन् भने सोही क्लबले चन्दलाई १० उत्कृष्ट विदेशी खेलाडीका रुपमा इन्डोनेसियन सुपर लिगमा समावेश गरेको छ ।

### मुक्तिनाथको शाखा विस्तार

पोखरामा मुख्य कार्यालय रहेको मुक्तिनाथ विकास बैंकले पोखरा उप-महानगरपालिकास्थित चिप्लेढुंगामा शाखा विस्तार गरी कारोबार सुरु गरेको छ । चिप्लेढुंगासहित बैंकका शाखा सञ्जाल १७ पुगेका छन् । शाखाको राष्ट्र बैंक पोखरा शाखाका व्यवस्थापक ऋषिकेश भट्ट र बैंकअध्यक्ष मीनप्रसाद गुरूङले संयुक्त रुपमा उद्घाटन गरेका थिए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत भरतराज ढकालले स्थानीयलाई सहज बैंकिङ सेवा उपलब्ध गराउन शाखा विस्तार गरिएको बताए । बैंकले आव ०७०/७१ को पहिलो त्रैमासिक अवधिमा ३ अर्ब ९५ करोड निक्षेप संकलन र ३ अर्ब ३५ करोड कर्जा लगानी गरी ३ करोड ९० लाख सञ्चालन मुनाफा आर्जन गरेको ढकालले जानकारी दिए । बैंकको हाल चुक्तापुँजी २० करोड, बैंकिङ कार्यालय १९, ग्रामीण बैंकिङ उपशाखा ५, लघुवित्त इकाइ ४ गरी २८ सञ्जाल रहेका छन् ।

### कास्की फाइनान्सको १३ प्रतिशत लाभांश

पोखरामा मुख्य कार्यालय रहेको कास्की फाइनान्सको सातौं वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभाले आव ०६९/७० को मुनाफाबाट सेयरधनीलाई १३ प्रतिशत नगद लाभांश वितरणको प्रस्ताव पारित गरेको छ । कम्पनी अध्यक्ष मदन शर्मा खनालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन साधारणसभाले पारित गरेको छ । गत आव ०६९/७० मा १ अर्ब ६८ करोड निक्षेप संकलन तथा १ अर्ब ५२ करोड कर्जा लगानी गरी ६ करोड २२ लाख नाफा आर्जन गरेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत तोयराज अधिकारीले जानकारी दिए । हाल कम्पनीको अधिकृत पुँजी ४० करोड र जारी तथा चुक्ता पुँजी २४ करोड ७ लाख ४४ हजार छ । हाल कम्पनीका विभिन्न स्थानमा ९ शाखा सञ्जाल रहेका छन् ।

### गण्डकीको सेयर सूचीकृत

पोखरामा मुख्य कार्यालय रहेको गण्डकी विकास बैंकले हालै निष्कासन गरेको ७ लाख कित्ता हकप्रद सेयर नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भएको जनाएको छ । बैंकको सम्पन्न नवौं वार्षिक साधारणसभाले पारित गरेबमोजिम चुक्ता पुँजीको १ कित्ता सेयरबराबर ०.२८ कित्ता अर्थात २८ प्रतिशत हकप्रद सेयर निष्कासनका लागि अनुमति दिएको थियो ।

साउन २७ देखि भदौ ३० सम्म निष्कासन गरिएको सय रुपैयाँबराबरको ७ लाख कित्ता अर्थात ७ करोडको हकप्रद सेयर सूचीकृत भएको बैंकका निमित्त प्रमुख कार्यकारी अधिकृत छविन्द्र शर्माले जानकारी दिए । थप ७ लाखपछि बैंकको ३२ लाख कित्ता सेयर नेपाल स्टक एक्सचेन्जबाट खरिदबिक्री गर्न सकिनेछ । बैंकको हाल चुक्तापुँजी २५ करोड रहेकामा नयाँ सेयर निष्कासन गरेपछि चुक्ता पुँजी ३२ करोड पुग्नेछ ।

### एसडिबिएल बैंक नाफामा

सिद्धार्थ डेभलपमेन्ट बैंकले चालू आव ०७०/७१ को पहिलो त्रैमासिकमा २ करोड खुद मुनाफा आर्जन गरेको जनाएको छ । बैंकले गत आवको सोही अवधिमा १७.६५ प्रतिशत रहेको निष्क्रिय कर्जा घटाई सोही अवधिमा ४.९४ प्रतिशतमा झारेको छ । बैंकले समीक्षा अवधिमा ५ अर्ब १९ करोड निक्षेप संकलन गरेको छ भने करिब ४ अर्ब कर्जा लगानी गरेको जनाएको छ ।

### सिल्क एयरको ब्यागेज बढ्यो

सिल्क एयरले सेवाग्राहीका लागि १५ नोभेम्बरदेखि लागू हुने गरी ब्यागेज एलाउन्स १० किलो बढाएको छ । कम्पनीको जहाजबाट यात्रा गर्ने यात्रुले बिजनेस क्लासमा ४० केजी र इकोनोमी क्लासमा ३० केजीसम्म नि:शुल्क ब्यागेज पाउनेछन् ।

वृद्धि गरिएको ब्यागेज सिल्क एयरबाट यात्रा गर्ने सबै यात्रीले प्राप्त गर्नेछन् । उपभोक्ताका लागि थप सजिलो आरामदायी यात्रा अनुभव दिन ब्यागेज एलाउन्स बढाउने निर्णय गरिएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत लिल्जी थङले भने । क्रिसफ्लायर एयाइट गोल्ड सदस्यता प्राप्त गरेका सिल्क एयरका उपभोक्ताले थप २० किलो ब्यागेज एलाउन्स पाउनेछन् । पिपिएस क्लबका सदस्यले दोब्बर क्षमतामा ब्यागेज पाउनेछन् । सिल्क एयरले हाल साताको पाँच दिन काठमाडौं-सिंगापुर उडान भर्दै आएको छ ।

### गणतन्त्र स्टोनिया कार्यालय स्थापना

गणतन्त्र स्टोनियाले कूटनीतिक सम्बन्ध विस्तार गर्ने उद्देश्यले नेपालमा कार्यालय स्थापना गरेको छ । स्टोनियाका लागि एसिया प्रशान्त क्षेत्र हेर्ने सहायक विदेशमन्त्री भाइनो रेनार्ट र शिष्टाचार महापाल कालीप्रसाद पोखरेलले बुधबार कार्यालय उद्घाटन गरेका हुन् ।

कार्यक्रममा नेपालका लागि स्टोनियाका नवनियुक्त महावाणिज्यदूत नवराज दाहालले पदभार ग्रहण गरेका थिए । दाहालले नेपाल र स्टोनियाबीच कूटनीतिक सम्बन्ध विस्तार हुनु सुखद भएको बताए ।

## मधेसी दललाई...

नजिक रहेको हुनाले कतिपय निर्वाचन क्षेत्रमा उसको एमाओवादीसँग तालमेल हुनसक्ने सम्भावना बढेर गएको छ । केही समय पहिला मेची-महाकाली जागरण ऱ्यालीमा सहभागी हुन विराटनगर पुगेका अध्यक्ष पुष्पकमल दाहालसँग फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले विराटनगरकै एक होटलमा एक घण्टा गोप्य वार्ता गरेको र दुवै नेताले एकले अर्कोलाई सघाउने विषयमा वार्ता सकारात्मक भएको अभिव्यक्ति दिएका हुनाले उनीहरूबीच केही क्षेत्रमा तालमेल हुन सक्ने सम्भावना देखिएको हो ।

विजयकुमार गच्छदार र महन्थ ठाकुरले नेतृत्व गरेका दलहरू भने नेपाली कांग्रेस र नेकपा एमालेसँग केही नजिक रहेका जस्तो देखिएको छ । त्यस्तै राजेन्द्र महतो, महेन्द्र यादव र शरतसिंह भण्डारीलगायतले नेतृत्व गरेका अन्य केही मधेसवादी दलहरूसमेत अहिले अस्तित्वको लडाइँमा रहेपनि राजकिशोर यादवले नेतृत्वमा रहेको पार्टी भने आफ्नो अस्तित्व नै गुमाउन सक्ने अवस्थामा पुगेपछि उसले अहिले अन्य मधेसवादी दलहरूसँग तालमेल गर्ने प्रस्ताव अगाडि सार्दै आएको छ । मधेसका जनता अहिले मधेसवादी दलहरूप्रति त्यति विश्वस्त देखिएका छैनन् । मधेसका जनताका अनुसार मधेसवादी दलहरूले मधेसी जनताका समस्या समाधान गर्नुको सट्टा पार्टी विभाजन गराउँदै सत्ता मोहमा लागेर व्यक्तिगत स्वार्थ पुरा गर्ने तर्फ मात्र आफ्नो ध्यान केन्द्रित गरेका हुनाले मधेसवादी दलहरूप्रति मधेसी जनताको विश्वास घटेको हो ।

अघिल्लो संविधानसभामा मधेसी दलहरूसँग मुद्दा थियो, मधेस आन्दोलन चर्किएको थियो । मधेसी जनताले बलिदान गरेका थिए, तर उनीहरूको बलिदानलाई मधेसवादी दलहरूले कमाई खाने भाँडो र सत्तामा पुग्ने भऱ्याङ मात्र बनाएका हुनाले यसपालीको चुनावमा मधेसवादी दलहरूलाई आ-आफ्नो साख जोगाउन पनि मुस्किल पर्ने मधेशका २२ वटा जिल्लाबाट अन्य पार्टीहरूले नै विजयीको माला पहिरिन सक्ने मधेसका बारेमा जानकार एक व्यक्तिले बताएका छन् । हेर्न बाँकी छ, मधेसवादी दलहरूको साख कतिवटा मधेसवादी दलहरूले जोगाउन सक्छन. । आफूहरूलाई विश्वासै नभएर केही मधेसवादी दलका नेताहरूले त प्रत्यक्षबाट होइन समानुपातिकबाट राम्रो सिट ल्याउने दाबी समेत गरिरहेका छन् ।

## वैद्य र प्रचण्ड...

भनेर चुनौती खडा गरिरहेका छन् । अन्तिम स्थितिमा नरसंहार भएन भने चुनाव त होला तर त्यस्तो चुनावले निकास दिने छैन । के हुन्छ, अझै स्थिति अन्योलग्रस्त छ ।

## कांग्रेस, एमाले...

रूमलिएका काँग्रेस र एमाले मंसिर ५ गते थक्क-थक्क मानेर पश्चाताप गर्नुपर्ने त होइन ? विश्लेषकहरू आशंका गरिरहेका छन् ।

शान्ति, निर्वाचन, संविधानका लागि काँग्रेस र एमालेले चाहेको भए यसरी राजनीति प्रचण्डमय बन्दैन थियो । वैद्यको अतिवाद पनि कमजोर बन्ने थियो । त्यसैले प्रश्न उठेको छ- काँग्रेस, एमाले कहाँ छन् ? बल्खु र सानेपामा ?

## जनतामा...

सहमतिमा तयार गरी लागु गरेको निर्वाचन आचार संहिताको व्यापक उल्लंघन भएको छ । आचारसंहिता उल्लंघन गर्नेमा ठूला दलहरू नै अग्रपंक्तिमा रहेका छन् । एमाओवादीले मेच-महाकाली जागरण नाम दिएर मेचीदेखि महाकालीसम्मको जागरण ऱ्याली गर्दा सैयौं गाडीहरू प्रयोग गरेको र व्यानर, झण्डा समेत तोकिएको आकारप्रकार भन्दा भिन्दै रूपमा प्रयोग गर्दासमेत निर्वाचन आयोग मौन बस्नुले निर्वाचन आयोग समेत एमाओवादीको अगाडि लाचार छायाँ जस्तो मात्र भएको छ । जनताको विश्वास जित्न नसकेको हुनाले एमाओवादीले पछिल्लो समयमा राम्रै नौटंकी गरी जनतालाई भूल भुलैयामा राखेर आफ्नो स्वार्थ पूरा गर्न अन्य दलहरूलाई कसैलाई कुहिएको फर्सी र कसैलाई अडान लिन नसक्ने पार्टी भन्दै धज्जी उडाइरहेको छ । तर साना दलहरूलाई भने स्पष्टीकरण सोध्ने आयोग एमाओवादीलाई भने झारा टार्ने र देखाउनको लागि मात्र सचेत पत्र पठाएको भन्दै आफ्नो दायित्व र कर्तव्यबाट च्यूत भएको हुनाले अहिलेदेखि नै धाँधलीको सुरूवात गरिसकेको छ भनेर जनताले किन नभन्ने ?

एमाओवादीले जनताको हिँड्न पाउने अधिकारलाई वञ्चित गर्दै मुख्य शहरका मुख्य सडकहरू नै अवरोध गरेर सभा, सम्मेलन गरिरहँदा के आचारसंहिता पालना भयो त ? एमाओवादीले संविधानसभाको मुद्दा आफूले उठाइएको बताएता पनि किन आफ्नै नेतृत्वमा सरकार रहँदा आफैंले संविधानसभाको हत्या गऱ्यो, त्यसको जवाफ जनतालाई किन दिन सकिरहेको छैन । संघीयताका बारेमा २०६९ जेठ २ गते प्रमुख दलहरूबीच भएको सहमतिबाट पछि हट्ने एमाओवादी नै हो । त्यसबेला सहमति गर्ने एमाओवादीका अध्यक्ष दाहालले अहिले जनतालाई ढाँट्नका लागि अन्य दलहरूलाई दोष लगाउनु सत्तामा पुग्ने रणनीतिबाहेक अन्य केही होइन ।

## परिचयपत्र...

निर्देशन दिएको गम्भीर आशंका गरेका छन् । स्मरण रहोस् केही दिन अगाडि एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले आफू चुनाव लडेको काठमाडौं क्षेत्र नं १० मा पुगेर आफूले जसरी भएपनि चुनाव जित्नै पर्ने भएको हुनाले तपाईंहरूले (कार्यकर्तालाई निर्देशन दिँदै) साम, दाम, दण्ड, भेदको नीति अपनाएर भएपनि चुनाव जित्ने वातावरण बनाउनोस्, सबै उपायहरू अबलम्बन गर्न पछि नपर्नोस् भन्ने गोप्य निर्देशन दिएका थिए । खास गरेर आफूलाई मत नआउने क्षेत्रका मतदाताको मतदाता परिचय पत्र नै कब्जामा लिएर विपक्षीहरूलाई चुनाव हराउने रणनीति एमाओवादीले बनाएको सूचना कुटनैतिक क्षेत्रले प्राप्त गरेको छ । निर्वाचन आयोगले चुनाव अघि नै सबै मतदाताहरूको हातमा मतदाता परिचय पत्र पुऱ्याउने जनासकेको छ ।

हरेक साता कुट्नैतिक नियोगका प्रमुखहरूको निर्वाचन सम्बन्धी समीक्षा बैठकमा पनि यस सम्बन्धमा छलफल भएको र त्यस बारे चिन्ता गर्दै वक्तव्य नै जारी गर्ने अवस्थामा पुगेका भएपनि आधिकारिक रूपमा त्यसको पुष्टी हुन बाँकी रहेकाले केही समय पर्खिएर मात्र वक्तव्य जारी गर्ने सहमतिमा उनीहरू पुगेको स्रोतले दाबी गरेको छ । मतदाता परिचय पत्र कब्जामा लिने रणनीति अनुसार कतिपय जिल्लाहरूमा चुनाव बहिष्कारको नारा दिएर चुनाव बहिष्कारमा उत्रिएको नेकपा-माओवादीसँग पनि उसले सहकार्य गर्न लागेको सूचना कुट्नीतिक क्षेत्रले प्राप्त गरेको दाबी गरेको छ । यदि एमाओवादीको यही रणनीति हो भने २०६४ सालमा भएको संविधानसभाको चुनावमा गोरखा क्षेत्र नं. २ को जस्तै परिणाम फेरि पनि आउने भन्दै कुटनीतिक नियोगका प्रमुखहरूले गम्भीर छलफल समेत गरेका थिए । नेपालमा रहेका सहँबै कुटनीतिक नियोगका प्रतिनिधिहरूले यसपटको निर्वाचनमा समेत धाँधली भए तत्काल चुनाव रोक्न दबाब दिने तयारीमा लागेको कुटनीतिक क्षेत्रमा रहेको एक सुत्रले बताएका छन् ।

उपराष्ट्रपति परमानन्द झाले छठ पर्वको अवसरमा शुक्राबार आयोजना गरेको चियापानमा समेत एमाओवादीको यस्तो रणनीतिबारे कुटनीतिक नियोगका प्रमुखहरूबीच छलफल भएको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ । पछिल्लो समयमा एमाओवादीका अध्यक्षसहितका नेताहरूले धम्कीपूर्ण भाषामा आफ्नो पार्टीलाई दुईतिहाइ मत नदिए संविधान नै निर्माण नहुने र मुलुक फेरि द्वन्द्वमा जाने भन्दै जनतालाई आफ्नो पक्षमा मतदान गर्न दाब दिइरहेका हुनाले उसले चुनाव जित्न जस्तो सुकै हथकण्डा अपनाउन सक्ने देखिएको छ ।

## यो षड्यन्त्र...

र दिक्क भएका जनतामा त्यसले राम्रो सन्देश पुऱ्याउन र चुनावलाई स्थागित गराउन जनताको साथ पाउन सकिन्थ्यो । तर बाहिर र भित्र दुई थरी उद्देश्य बोकेको देखिएका वैद्यहरूले पेट्रोल बम, कुकर बम, तोडफोड र आगजनीबाटै नेपाली जनतासामु राम्रो सन्देश जान्छ भनेर त्यसतिर लागे । अब यो कथित हड्ताल अहिलेसम्म विचार गर्दा तिनलाई कायमै राख्नुपर्ने वाध्यता पनि आइलागेको छ । किनभने यिनलाई अब हड्तालको स्वरूप र प्रभाव जस्तोसुकै होस्, संविधानसभा-२ मा पाइने सित्तैको सिटसंख्या बढाउनु छ । स्वयम् प्रचण्डले नै २६ सिटबाट बढाउँदै लगेपछि सित्तैमा पाइने सिटका लागि पनि वैद्य मोर्चा र स्वयम् वैद्यहरूलाई यो हड्ताल अझ सशक्त बनाउनै पर्छ । त्यसैको लागि यो खेल भइरहेको छ भनेर विश्लेषकहरू बताउँछन् । नेकपा-माओवादीको संविधानसभामा उपस्थितिबिना संविधान निर्माण हुन सक्दैन भन्ने जनभनाइलाई भजाउन पनि अझ यो आन्दोलन चर्कनुपर्ने बाध्यता छ । त यो माथिको विश्लेषणलाई घोत्लिएर विचार गर्दा के पनि बुझिन्छ भने यो ३३ दलीय मोर्चामध्ये पनि वैद्य समूहलाई दोहोरो फाइदा छ । चुनाव रोकिए विजयी होइनेछ भने चुनाव भएर संविधानसभा-२ को गठन भएता पनि सित्तैमा सिट पाइनेछ । अझ एकथरी त प्रचण्डले गरेको सिटको अफरमा नै षड्यन्त्र देख्दछन् । अहिलेको चुनावी परिणामको अनुमानमा तेस्रोमा झरेका प्रचण्डलाई आफ्नै दाजुभाइ नेकपा-माओवादीलाई सित्तैमा दिएको सिट समेतलाई मिलाएर भोलि पुनः पहिलो पार्टी हुन एकदमै सजिलो हुन जान्छ । त यो सबै प्रपञ्च एनेकपा माओवादीलाई फेरि पनि ठूलो पार्टी बनाउने खेलकै अन्तर्गत भइरहेको छ । अझ यस खेलमा जानेर वा नजानेर काँग्रेस र एमालेहरूले पनि साथ दिइरहेका छन् । तिनीहरू पनि वैद्यहरूलाई सित्तैमा (मनोनित गरेर) सिट दिनुपर्छ भनेर प्रचण्डकै बोलीमा लोली मिलाइरहेका छन् । जालझेल र षड्यन्त्रका महारथी श्रीमान् प्रचण्डका अनेक रूप छन् । तिनैमध्ये यो वैद्य मोर्चा नामको नाटक मञ्चन गराएर नेपाली जनतालाई फेरि पनि मूर्ख र वेवकुफ बनाउने काम भइरहेको छ भनेर एकथरीले आरोप लगाउन थालिसकेका छन् । यो आरोप केही हदसम्म सही पनि हुनसक्छ । यो षड्यन्त्र पनि हुनसक्छ । होसियार !

## कारिन्दा सरकार हल्लियो



काठमाडौं । प्रधानन्यायाधीश खिलराज रेग्मी सरकारले दिनदिनै आपतकालीन वैठक गरिरहेको देख्दा लाग्छ- असन्तुष्ट ३३ दलले ४ दलको कारिन्दा सरकारको सातो लिन सफल भयो ।

त्यसो त सेना परिचालन गरेर पनि निर्वाचन सम्पन्न गर्न प्रचण्ड र विदेशी शक्तिको आड पाएको खिलराज सरकारले विवेकले होइन, आदेशमा काम गरिरहेको खुला सत्य हो । विवेकबाट गरेको र सर्वसम्मत संविधान निर्माण गरेर इतिहास पुरूष बन्न चाहेको भए खिलराज रेग्मीले प्रधानन्यायाधीश पदबाट राजीनामा दिन्थे र असन्तुष्ट ३३ दललाई पनि निर्वाचनमा सहभागी गराउने थिए । तर त्यो अवसर खिलराजले गुमाए ।

लोकतन्त्रको सीमाभित्र छिरिसकेको ३३ दललाई आतंककारी, अतिवादीका रूपमा डामेर खिलराजलाई पदीय, शक्ति र पैसाको लाभ होला तर मुलुक फेरि निरन्तरको द्वन्द्वमा फस्न पुगेको छ । निर्वाचन स्वच्छ, स्वतन्त्र, धाँधली र भयरहित नहुने पक्का भइसकेको सन्दर्भमा निर्वाचनपछि निर्वाचित प्रतिनिधिबाट सरकार त बन्ला तर संविधान बन्ने वातावरण छँदै छैन । जबरजस्ती संविधान बनाए पनि त्यसले वैद्यानिक आधार गुमाउने र विवादित स्थिति खडा गर्नेछ । त्यतिबेला फेरि द्वन्द्व समाधान गर्न जनमत संग्रहको आवश्यकता पर्नेछ । राजनीतिक निकासका लागि र विधियुक्त लोकतान्त्रिक शासनका लागि निर्वाचन गर्ने हो, निर्वाचनले त्यो अभीष्ट पूरा हुँदैन भने मंसिर ४ को अरबौं खर्च किन ? प्रश्न गम्भीर मानिएको छ ।

## राजतन्त्र र हिन्दू राष्ट्र आयो-आयो : थापा



काठमाडौं । देशव्यापी प्रचार अभियान सकेर राजधानी फर्केका राप्रपा नेपालका अध्यक्ष कमल थापाले राजधानीको एक सभाबाट घोषणा गरेका छन्- नेपाली जनताले परिवर्तनकारी शक्ति राप्रपा नेपाललाई जिताउने अठोट गरिसकेका छन् । राप्रपा नेपालले संविधानसभाबाट फालिएको हिन्दूराष्ट्र र संवैधानिक राजतन्त्र पुनस्थापना गराउनेछ । अब राजतन्त्र र हिन्दू राष्ट्र आयो आयो ।

हुन पनि सहर-बजार-गाउँ जतातातै 'एकभोट दाइलाई, एक भोट गाइलाई' भन्ने लहर नै चलेको छ । अन्य राजनीतिक दलका कार्यकर्ताको समेत यस्तो मनस्थितिले राप्रपा नेपाल वैकल्पिक शक्ति हुन लाग्यो भन्न सकिन्छ ।




आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकारप्रति सजग र सचेत हुनु असल नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार